लुम्बिनी प्रवेश गेट
सैनामैना-८

पद्मपाणि लोकेश्वर
सैनामैना-१

बोलवम धाम मन्दिर
सैनामैना-१

मलमला देवी मन्दिर
सैनामैना-६



राजापानी जलाधार संरक्षा क्षेत्र
सैनामैना-११

सैनामैना नगरपालिकाको एघारौं नगरसभाबाट पारित

वार्षिक नगर विकास योजना

आ.व २०७९/०८०

प्रकाशक:

सैनामैना नगरपालिका
नगर कार्यपालिका कार्यालय
बुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

www.sainamainamun.gov.np sainamainamunicipality@gmail.com 071-440553

सैनामैना नगरपालिकाका पदाधिकारीहरू

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

विना राना
नगर उप प्रमुख

भुवन बहादुर क्षेत्री
वडा अध्यक्ष-१

अम्मर बहादुर कडेल
वडा अध्यक्ष-२

तम बहादुर पुर्जा
वडा अध्यक्ष-३

राम प्रसाद अधिकारी
वडा अध्यक्ष-४

धन प्रसाद पौडेल
वडा अध्यक्ष-५

गोपाल पोखेल
वडा अध्यक्ष-६

राज कुमार चौधरी
वडा अध्यक्ष-७

बुद्धिराम चौधरी थारु
वडा अध्यक्ष-८

भानुभक्त पाण्डे
वडा अध्यक्ष-९

कृष्ण प्रसाद घिमिरे
वडा अध्यक्ष-१०

राम प्रसाद भुसाल
वडा अध्यक्ष-११

मन कुमारी राई
कार्यपालिका सदस्य

मिरा क्षेत्री
कार्यपालिका सदस्य

मायादेवी वि.क.
कार्यपालिका सदस्य

दुर्गामाया श्रेष्ठ
कार्यपालिका सदस्य

सिता थारु
कार्यपालिका सदस्य

सुरज वराल
कार्यपालिका सदस्य

टेक बहादुर विश्वकर्मा
कार्यपालिका सदस्य

डोल बहादुर सार्की
कार्यपालिका सदस्य

भीम प्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत
सदस्य सचिव

सैनामैना नगरपालिकाको

वार्षिक नगर विकास योजना

(आर्थिक वर्ष २०७९/०८०)

प्रकाशक

सैनामैना नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रूपन्देही

लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: ०७१-४४०५५३

ई-मेल : sainamainamunicipality@gmail.com

वेवसाईट : www.sainamainamun.gov.np

पुस्तक : सैनामैना नगरपालिका वार्षिक नगर विकास योजना
(आ.व. २०७९/०८०)

प्रकाशक : सैनामैना नपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रूपन्देही

आर्थिक वर्ष : २०७९/०८०

सर्वाधिकार : सैनामैना नगरपालिका, बुद्धनगर, रूपन्देही

सेटिङ्ग : पारस वर्मा/९८४७२६६७६८

मुद्रक : आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस
बुटवल उप-महानगरपालिका-६, पुरानो बसपार्क
फोन नं.: ०७१-५५०२९३, ९८५७०३५३८०
E-mail: ideapressbtl@gmail.com


नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)


रुपन्देही जिल्ला
सैनामैना नगरपालिका
N
Arghakhanchi
Palpa
Kapilbastu
Kanchan Gaunpalika
Gaidahawa Gaunpalika
Suddhodhan Gaunpalika
Butwal Upamahanagarpalika
1
2
3
4
5
6
7
8
9
10
11
Scale
0 1 2 4
Km
संकेत
N
बडा सिमाना
गाउँपालिका/नगरपालिका सीमाना
जिल्ला सीमाना

एघारौं नगरसभाका केही झलकहरू

सैनामैना नगरपालिका
☎ ०७१-४४०५५३
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

मन्तव्य

जननिर्वाचित प्रतिनिधिहरुको दोस्रो कार्यकालको प्रारम्भसंगै सैनामैना नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरी आषाढ १० गते भित्र नगरसभामा पेश गर्नु पर्ने संबैधानिक अनिवार्यता बीच यथासमयमै नीति, कार्यक्रम र बजेट एघारौं नगरसभामा पेश गरी आषाढ ३० गते नै बजेट पारित गर्दै नगरसभा सम्पन्न भएको छ। पारित नीति, कार्यक्रम, सभाका निर्णयहरु, आय व्यय विवरण, योजना र तिनमा विनियोजित बजेट, करका दरहरु लगायतका विषयहरु समेटी नगरको (रेडबुक) रातो कितावको रुपमा रहेको योजना पुस्तिका प्रकाशन गर्न पाँउदा खुसी लागेको छ।

सैनामैना संवृद्धिको आधारः उत्पादन, पर्यटन र पूर्वाधार भन्ने दीर्घकालीन सोचका साथ नगरपालिकाबाट तयार गरिएको आवधिक पञ्चवर्षिय योजना, नेपाल सरकारको मार्गदर्शन, दिगो विकास लक्ष्य साथै सैनामैना नगरवासी आम जनसमुदायको विकासको आवश्यकता र चासोलाई संवोधन गर्ने तवरले योजना र कार्यक्रम तर्जुमा भएका छन् । समस्या, आवश्यकता र अपेक्षा धेरै छन् साथै साधन स्रोत र कार्यान्वयन क्षमता बढाउनु त्यतिकै चुनौतिपूर्ण छ। विगतमा सुरु गरिएका अपुरा योजना तथा कार्यक्रमहरुलाई पूर्णता दिन बजेट व्यवस्था मिलाउनु यस योजनाको दायित्व नै हो। टोल विकास, वडा भेलाबाट छनौट भई प्रेषित भएका योजनाका साथै सदियौं देखि पछाडी पारेका र पारिएका आदिवासी जनजाती, दलित, अल्पसंख्यक, विपन्न समुदाय, महिला तथा वालवालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति लगायत सबै वर्ग र क्षेत्रलाई समेटने गरी योजना र कार्यक्रम निर्माण गरिएको छ।

कोभिड-१९ को संत्रासबाट भर्खर मात्र आंसिक रुपमा भए पनि ऋण पाइरहेको अवस्थामा सैनामैना नगरपालिकाले दिगो र वातावरणमैत्री पूर्वाधार. उत्पादनमूलक आर्थिकबृद्धि मार्फत समृद्ध सैनामैना, गुणस्तरीय स्वास्थ्य र प्रविधियुक्त शिक्षाका माध्यमबाट सामाजिक विकास, विपद न्यूनिकरण र विपद उत्थानशील नगरका साथै सदाचारयुक्त र भ्रष्टाचारमुक्त प्रशासन संयन्त्र मार्फत सुशासनको प्रत्याभूति जनतालाई प्रदान गर्नु नै यस योजना, कार्यक्रम तथा बजेटको ध्येय रहेको छ।

अन्त्यमा नगरको विकास र समृद्धि साथै नगरवासीको खुसीका लागि यो बजेट परिचालित हुने अपेक्षा तथा प्रतिबद्धता व्यक्त गर्न चाहान्छु। योजनाको छनौट, प्राथमिकिकरण, बजेट निर्माण गर्न सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधि, टोलविकास संस्थामा आवद्ध आमजनसमुदाय, वडा समिति, विषयगत समिति, राजनैतिक दल, कर्मचारी लगायत सम्वद्ध सबै पक्षहरु प्रति आभार र धन्यवाद प्रकट गर्न चाहान्छु। प्रस्तुत योजना तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सबैको सहयोग. सल्लाह र क्रियाशिल सहभागिताको अपेक्षा गर्दछु।

धन्यवाद ।

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

सैनामैना नगरपालिका
☎ ०७१-४४०५५३
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

मन्तव्य

"सैनामैना समृद्धिको आधार : उत्पादन, पर्यटन र पूर्वाधार" भन्ने नारालाई साकार पार्नका नगर सभाको एघारौ अधिबेशनबाट पारित भएको आर्थिक बर्ष ०७९/०८० बजेट नीति तथा कार्यक्रम पुस्तिका यहा' प्रस्तुत गरिएको छ । सैनामैनावासीका आधारभूत आवश्यकतासँग प्रत्यक्ष जोडिएका आयोजनाहरु क्रमबद्ध रुपमा अगाडी बढाउन ध्यान दिदै आएका छौं ।

सैनामैनामा जननिर्वाचित जनप्रतिनिधि आएपछि स्थानीय स्तरमा लामो समयसम्म रहेका नागरिकका अधिकारसँग जोडिएका समस्याहरु समाधान हुन थालेका छन् भने उनीहरुको आर्थिक बढोत्तरीका लागि विकास निर्माणका कामले गति लिन थालेका छन् । सेवालाई विकेन्द्रिकरण गरी नागरिकको दैलाबाटै सेवा प्रवाह गर्न वडा कार्यालयहरुको व्यवस्थापन गर्ने देखी नगरपालिकाले पहिलो प्राथमिकता दिएर प्रशासनिक संगठनलाई चुस्त बनायौ । अहिले नगरपालिकासँग आफ्नै भवन र वडा कार्यालयहरु छन । जनप्रतिनिधि र कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता छन्, सोही अनुसार कानूनको लगामभित्रै रहेर सेवा प्रवाह भइरहेको छ ।

महिला बालबालिका तथा जेष्ठ नागरिकहरुको हक अधिकार र न्यायिक क्षेत्रमा बिशेष ध्यान दिदै आएका छौ । महिला तथा बिपन्न परिवारको आर्थिक सवलिकरणको लागी आवश्यक बजेट बिनियोजन गरी सीप मूलक तालिमहरु तथा क्षमता बिकासका लागी कार्यक्रमहरु गर्दै आएका छौ ।

तीन वटा गाविस गाभिएर बनेको यस नगरपालिका एउटा ग्रामीण क्षेत्र भएकाले ऐनकानून र गुरु योजना निर्माण बिना यस क्षेत्रको विकास गर्न कठिन थियो । यसर्थ सैनामैनाले अधिकारहरु कानुनसम्मत् प्रयोग गर्न कानूनहरु बनाएका छौ । त्यस लगत्तै नगरपालिकाले तत्कालै गर्नुपर्ने कामदेखि, बहुवर्षीय र दिर्घकालीन विकास निर्माणका कामलाई प्राथमिकताका आधारमा अगाडि बढाउदै आएका छौ । सैनामैना नगरपालिको अवधारणाका साथ कामलाई अगाडि बढाउने गरी सुरुमा भू-उपयोग योजना, नगर यातायात गुरुयोजना र नगर पार्श्वचित्र समेत समेटिएको समग्र नगरपालिकाको गुरुयोजनालाई प्राथमिकता दिइएको छ । गुरुयोजनामा उठाएका विषयवस्तुलाई प्राथमिकताका साथ काम गरिरहेका छौं, हामी पुर्वाधार विकासको क्षेत्रमा, सामाजिक सेवाको क्षेत्रमा र आर्थिक विकासको क्षेत्रलाई ध्यानमा राखेर अगाडि बढेका छौं । अहिले केही योजना कार्यान्वयन भएका छन् भने केही योजनाहरु कार्यान्वयनको चरणमा रहेका छन् । समग्र विकासका लागि आवधिक योजनाहरुको कार्यान्वयन गर्दै दीर्घकालीन महत्वका योजनामा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण गर्ने र थप चरणबद्ध

कामको थालनी भइरहेको छ। नगरपालिकाले संघ, प्रदेश, जिल्ला समन्वय समिति, अन्तर स्थानीय तह संग समन्वय गरी कार्य सञ्चालन गर्दै आएको छ। उक्त कार्यमा सहयोग पुऱ्याउनु हुने नगरपालिकामा कृयाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार जगत, नागरिक समाज लगायत सम्पूर्ण सैनामैनाबासी आमा-बुवा, दाजु-भाइ, दिदी-बहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेको छु। कोरोना भाईरसको महामारीको समयमा प्रकोप रोकथाम तथा नियन्त्रण गर्न र नागरिकको जनजिवन सामान्य बनाउन नगरपालिकासंग हातेमालो गर्दै सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, समुदाय, सहयोगी हातहरु र सम्पूर्ण नगरबासीहरुमा निरन्तर सहकार्यको अपेक्षा सहित हार्दिक धन्यवाद दिन चाहान्छु। र अन्त्यमा, देश भित्र र बाहिर रहनुभएका सम्पूर्ण सैनामैना नगरबासीहरु नगर विकासमा योगदान गर्नुहुने अपेक्षा सहित हार्दिक धन्यबाद ज्ञापन गर्दछु।

धन्यवाद !

विना राना
नगर उप-प्रमुख

सैनामैना नगरपालिका
☎ ०७१-४४०५५३
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल



मन्तव्य

लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ जारी भएपछि २०७९ साल बैशाखमा स्थानीय तहको निर्वाचनबाट सैनामैना नगरपारलिकामा दोस्रो कार्यकालका लागि जननिर्वाचित प्रतिनिधिहरुले कार्यारम्भ गरिसकेको अवस्था छ । जनतालाई जवाफदेही, जनमुखी र सहभागितामुलक, दिगो र पर्यावरणमैत्री विकास र सुशासन प्रदान गर्नु र जनतालाई नजिकको सरकारको अनुभूति दिलाउनु स्थानीय सरकारको मुल ध्येय हो । संबिधान एवम स्थानीय सरकार संचालन ऐन २०७४ मा गरिएको व्यवस्था बमोजिम असार १० गते भित्र स्थानीय तहहरुले अनिवार्य रुपमा आगामी आ व का लागि बार्षिक नीति तथा कार्यक्रम र बजेट नगरसभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ। संबैधानिक र कानुनी दायित्व पुरा गर्दै सैनामैना नगरपालिकालेआ व २०७९/०८० का लागि बार्षिक नीति, कार्यक्रम तथा बजेट ११ औं नगरसभामा पेश गरी पारित गरिएकोछ । जनतामा सुशासनको अनुभूति गराउनु, गाउँगाउँमा सिंहदरवारको नारालाई मूर्तरुप दिनु र नेपाल सरकारले लिएको समृद्ध नेपाल सुखी नेपालीको दिर्घकालिन सोचलाई स्थानीय तहबाट टेवा पुऱ्याउनु स्थानीय सरकारको कर्तव्य हुन्छ । दीगो, समावेसी र सन्तुलित आर्थिक विकास गर्दै सामाजिक न्याय सहितको सुखि र समृद्ध स्थानीय तह निर्माण गर्न योजनाबद्ध विकास आवश्यकता पर्दछ।जनताले रोजेको, खोजेको र अपनत्व सहितको विकास योजना निर्माण गर्नु र विकासमा जनसहभागिताले मात्र विकासलाई दिगो बनाउन सक्छ । योजना छनौटमा तल्लो तहमा रहेका जनप्रतिनिधिमूलक संस्थाहरु टोल विकास र वडा तहबाट छनौट हुदै नगरसभासम्म आइ वार्षिक योजना तथा कार्यक्रमहरु छनौट गरिएका छन् । सैनामैना नगरपालिकाले विकास र समृद्धिको परिकल्पना साकार पार्न नेपाल सरकारको दीर्घकालिन सोचका साथै स्थानीय जनताका विकासप्रतिका आकाँक्षा समेतलाई मध्यनजर गर्दै नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रम निर्माण गरी कार्यान्वयनको चरणमा रहेका छौं ।

सैनामैना समृद्धिको आधार उत्पादन पर्यटन र पूर्वाधार को दीर्घकालिन सोचलाई टेवा पुग्ने गरी आगामी वर्षको लागि वार्षिक योजना २०७९/०८० तयार गरिएको छ। वार्षिक योजना र कार्यक्रम बनाउँदा योजना तर्जुमा दिग्दर्शन २०७८ ले निर्देशित गरे बमोजिमका क्षेत्र तथा प्रावधानहरुलाई अंगिकार गर्दै दिगो विकास लक्ष्यलाई आन्तरिकिकरण गरिएको, संघीय सरकार र प्रदेश सरकारका वार्षिक योजना तथा कार्यक्रममा परिलक्षित गरेका उद्देश्य, लक्ष्य, नीति र कार्यक्रमहरुका प्राप्तिमा समेत सहयोगी हुने गरी कार्यक्रम समेटिएको साथै यस योजनाले नगरपालिकको समृद्धिको यात्राको लागि उत्पादन पर्यटन र पूर्वाधारलाइ नै मुख्य सम्वाहकका रुपमा अंगिकार गरेको छ। यस अलावा स्वास्थ, शिक्षित, सीपयुक्त,

विभेद रहित, आत्मसम्मानयुक्त समाज निर्माणको सपना साकार पार्न यस सैनामैना नगरपालिकाका जनताको न्युनतम आवश्यकताहरु पुरा गर्न सर्वसुलभ स्वास्थ, प्रविधिमैत्री शिक्षा, वालमैत्री स्थानीय तह, दिगो सडक संजाल, स्वच्छ खानेपानी साथै फोहोरमैलाको उचित ब्यवस्थापन, रोजगारी तथा स्वरोजगारको सिर्जना, कृषि र पशुपालनमा आत्मनिर्भरता, विपद उत्थानशिल समाजको निर्माण र विपद व्यवस्थापनका साथै जनअपेक्षा बमोजिम सेवा प्रवाह र सुशासन कायम गर्ने दिशामा यो वार्षिक कार्यक्रम तथा योजनाहरु परिलक्षित रहेका छन् ।

अन्त्यमा यो वार्षिक नीति, कार्यक्रम तथा बजेट तयारीमा योगदान पुर्‍याउनु हुने नगरसभाका सम्पूर्ण जनप्रतिनिधिहरु, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, सामजसेवी, बुद्धिजिबी, टोल विकास संस्था, विभिन्न संघसंस्थाहरु, उद्योग व्यवसायी, निर्माण व्यवसायी, संचारकर्मी, वडा लगायत नगरपालिकाका कर्मचारीहरु सबैमा हार्दिक धन्यवाद र आभार प्रकट गर्दछु । साथै यि योजना तथा कार्यक्रमहरु सफल कार्यान्वयनका लागि माथि उल्लेखित सबै वर्ग र पक्षबाट साथ सहयोग र सक्रिय सहभागित रहनेछ भन्ने विश्वास र अपेक्षा समेत गर्दछु। धन्यवाद !

भीमप्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत

विषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ
१	सैनामैना नगरपालिकाको संक्षिप्त परिचय	१-३
२	नगरसभामा प्रस्तुत आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम	४-१७
३	नगरसभामा प्रस्तुत आ.व. २०७९/०८० को बजेट बक्तव्य	१८-३५
४	सैनामैना नगरपालिकाको विनियोजन ऐन, २०७९	३६-३७
५	आ.व. २०७९/०८० को आय व्यय प्रक्षेपण	३८-४१
६	आ.व. २०७९/०८० को क्षेत्रगत व्यय अनुमान	४२-४३
७	आ.व. २०७९/०८० को क्षेत्रगत आय व्यय अनुमान	४४-५१
८	आ.व. २०७९/०८० को विभिन्न कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन	५२-९९
९	सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०७९	१००-१३७
१०	प्रदेश तथा संघमा माग गरिने योजना तथा कार्यक्रमहरुको विवरण	१३८-१५९
११	सैनामैना नगरपालिका जनप्रतिनिधिहरूको विवरण	१६०-१६२
१२	नगरस्तरीय मेलमिलाप तथा सहजकर्ताहरूको सूची	१६३
१३	वडास्तरीय मेलमिलाप तथा सहजकर्ताहरूको सूची	१६४-१६७
१४	सैनामैना नगरपालिकामा कार्यरत कर्मचारीहरूको विवरण	१६८-१७१
१५	सैनामैना नगरपालिकामा स्वास्थ्यतर्फ कार्यरत कर्मचारीहरूको विवरण	१७२-१७४
१६	सैनामैना नगरपालिकाको संगठन तथा दरबन्दी विवरण	१७५-१७८
१७	एघारौँ नगरसभाको उपस्थिति विवरण	१७९-१८०

❑❑

वार्षिक नगर विकास योजनाको परिचय

१. सैनामैना नगरपालिकाको संक्षिप्त परिचयः-

"सैनामैना समृद्धिको आधार; उत्पादन, पर्यटन र पूर्वाधार"

सैनामैना नगरपालिका नेपालको लुम्बिनी प्रदेशको रुपन्देही जिल्लाको उत्तर पश्चिममा अवस्थित नगरपालिका हो । यो नगरपालिका विश्व शान्तिका अग्रदुत तथा महा मानव गौतम बुद्धको जन्मस्थल लुम्विनी देखि करिब १५ कि.मी. उत्तर मनोरम चुरे पहाडको काखमा अवस्थित छ । यस नगरपालिकाको पूर्वमा बुटवल उप-महानगरपालिका, पश्चिममा बाणगंगा नगरपालिका-कपिलवस्तु, उत्तरमा शितगंगा नगरपालिका-अर्घाखाँची, रैनादेवी छहरा र तिनाउ गाउँपालिका-पाल्पा, दक्षिणमा शुद्दोधन, कंचन र गैडहवा गाउँपालिका रहेका छन् । साबिकको पर्रोहा र दुधराक्ष गा.बि.स. एक आपसमा गाभिन गई २०७१ साल बैशाख २५ गते सैनामैना नगरपालिका बनेको हो । वि.सं. २०७३ साल फागुन २७ गते राज्यको पूर्नस्संरचना पश्चात साबिकको सालझन्डी गा.बि.स. गाभिन गई वृहत सैनामैना नगरपालिका बनेको हो । सैनामैना नगरपालिकामा ११ वटा वडा रहेका छन् । यो नगरपालिका १६२.१८ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । वि.सं. २०६८ सालको राष्ट्रिय जनगणना अनुसार यहाँको जनसंख्या ५५८२२ रहेकोमा २०७८ को प्रारम्भिक नतिजा अनुसार ७८,४७७ रहेको छ भने जनघनत्व ३४४.२ प्रति बर्ग कि.मि. छ । नगरपालिका भित्र सबै जातजाती, भाषा भाषी संस्कृति एवं परम्पराको समिश्रण रहेको छ । नगरवासीहरु वीच सुमधुर सम्बन्ध सहितको बसोबास छ । ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्व बोकेको सैनामैना क्षेत्र नेपाल सरकारबाट नेपालको सयौ पर्यटकीय गन्तव्य मध्य एक सैनामैना नगरपालिका पनि २०७५ साल कात्तिक १५ गते पर्यटन गन्तव्यको रुपमा घोषणा भएको छ । यस नगरपालिकामा वसाई सराई गरी आउने क्रम बढ्दो रुपमा रहेको हुदाँ हालको अनुमानित जनसंख्या करीव ८० हजार रहेको छ । यस नगरपालिकाको दक्षिण भागमा वहुसंख्यक आदिवासी थारु जातिहरुको वसोवास रहेको छ भने उत्तरी भेगमा मिश्रित खालको जातजातीहरुको वसोवास रहेको छ । विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो नगरपालिकाको गहनाको रुपमा ऐतिहासिक पुरातात्विक सैनामैना क्षेत्र, स्वंय उत्पत्तिमान शिव ज्योतिलिङ्ग पर्रोहा परमेश्वर बोलबमधाम, मलमला मन्दिर, मलमल चौरा बाबा, महेरवादेवी, बोलबम पर्यटकीय पार्क, विभिन्न मठ मन्दिरहरु, रानी कुवा, रानीबगिया, जलैया सिमसार क्षेत्र आदि छन् ।

१.१ भौगोलिक अवस्थिति :

अवस्थिति : अक्षांश : २७°३८' ३९.१५" देखि २७°४६' ६.६२" उत्तरसम्म

देशान्तर : ८३° १६' ७.२६" देखि ८३°२३' ३६.६२" पूर्वसम्म

सिमाना : पूर्व : बुटवल उप-महानगरपालिका

पश्चिम : बाणगंगा न. पा. कपिलबस्तु

उत्तर : शितगंगा नगरपालिका अर्घाखाँची, रैनादेवी छहरा र तिनाउ गाउँपालिका, पाल्पा

दक्षिण : शुद्धोदन, कञ्चन र गैडहवा गाउँपालिका, रूपन्देही

उचाई : समुद्र सतहबाट ३८१ फिट (११६.१३ मिटर) देखि ३१५० फिट (९६०.१३ मिटर) सम्म

क्षेत्रफल : १६२.१८ वर्ग कि.मि.

लम्बाई : सरदर १५ कि.मी.

हावापानी : उष्ण

१.२ नगरको नामाकरण :- सैनामैना नगरपालिका

१.३ नगरको प्रशासनिक विभाजनः- ११ वडा

१.४ नगरका मुख्य नदी, खोला तथा तालतलैयाहरु :

मुख्य नदीहरु :- कञ्चन नदी, दानव नदी, इङ्गुरीया नदी, बनरहवा नदी ।

खोलाहरु :- घमाहा, तुल्बुलिया, मार्थिबा, मेगाहा,

तालतलैयाहरु :- मेगाहा ताल,

१.५ धार्मिक पर्यटकीय स्थलहरु :

धार्मिक स्थलको नाम मेला लाग्ने दिन प्रसिद्धीको कारण

१. पर्रोहा परमेश्वर श्रावणी मेला गुरू पूर्णिमा देखि शुरु भई जनै पूर्णिमासम्म १ महिना मेला लाग्ने र शिव ज्योतिरलिङ्ग उत्पत्ती भएको किम्बदन्ती ।

२. मलमला मन्दिर नवरात्री र सरस्वती पूजाको दिन ।

३. मलमलचौरा बाबाः थारु समुदायले शिबको रुपमा पुजा गर्ने

४. किरातेश्वर महादेव मन्दिरः बासगढी ठुली उक्काली शिवरात्री

५. कालमोचन शिवालय शिवरात्री

६. दुर्गा मन्दिर मुर्गिया

७. गोरखनाथ सैनामैना

८. रानी कुवा, बडा कुवा लगायतका प्राचिन कुवा राजपरिवारले प्रयोग गर्ने

९. सैनामैना संग्राहालय, प्राचिन दरबार, मन्दिरका भग्नावशेषहरू पुरातात्विक महत्त्वका बस्तु रहेको ।

१०. कोटियादेवी मन्दिर, कोटहीमाई, महेरहवा देवी मन्दिर, राजापानी, सिमसार क्षेत्र, फूलबारी आदि जस्ता धार्मिक र पर्यटकीय स्थल रहेको ।

१.६ नगरपालिकाका वडाहरूको क्षेत्रफल र जनसंख्या (२०६८ जनगणना अनुसार)

वडा नं.	क्षेत्रफल (वर्ग कि.मि.)	घरधुरी संख्या	पुरुष	महिला	जम्मा	जनघनत्व
१	१३.४४	१,७३२	३,५३५	४,१८३	७,७१८	५७४.३
२	१२.७४	७६९	१,५११	१,९११	३,४२२	२६८.६
३	८.६५	९७४	१,८४५	२,२७३	४,११८	४७६.१
४	६.७२	१,६४३	३,३१९	३,९६०	७,२७९	१०८३
५	१६.०४	१,२४५	२,८०३	३,१५०	५,९५३	३७१.१
६	२२.३	१२२२	२४६९	२९६४	५४३३	२४३.६
७	८.३५	८५७	१,९१२	२,२०९	४,१२१	४९३.५
८	६.५४	८७६	१,८१७	१,९८८	३,८०५	५८१.८
९	२१.४४	७५५	१४८०	१८४९	३३२९	१५५.३
१०	२५	१२६९	२५२३	३०८३	५६०६	२२४.२
११	२०.९६	१०५०	२३१४	२७२४	५०३८	२४०.४
जम्मा	**१६२.२**	**१२,३९२**	**२५,५२८**	**३०,२९४**	**५५,८२२**	**३४४.२**

१.७ २०७८ सालको जनगणनाको प्रारम्भिक विवरण

क्षेत्रफल	जनगणना घरसंख्या	परिवार संख्या	पुरुष	महिला	जम्मा	जनघनत्व
१६२.२	१७५७२	१९६५७	३६५४७	४१९३०	७८४७७	

सैनामैना नगरपालिकाको एघारौं नगरसभामा प्रस्तुत
आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम

यस गरिमामय नगरसभाका सदस्यज्यू, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यू, सुरक्षा निकायका प्रमुखज्यू, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यू, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी एवम् पत्रकारज्यू, तथा उपस्थित सम्पूर्ण महानुभावहरु,

नेपालको संविधान जारी भएपछि स्थानीय तहको पहिलो ५ वर्षे कार्यकाल पुरा भइ दोस्रो कार्यकालको लागि निर्वाचन सम्पन्न भएर हामी यस गरिमामय नगरसभामा उपस्थित भई आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएका छौं।

यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु साथै कोभिड १९ का कारण मृत्युबरण हुनुभएका नगरवासीहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। मृतकका परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछु।

स्थानीय तहको निर्वाचन सम्पन्न गर्न सहभागि हुने आम जनसमुदाय, राजनीतिक दल, निर्वाचन आयोग, सुरक्षाकर्मी, कर्मचारी र पत्रकार महानुभावहरुमा म हृदय देखि हार्दिक धन्यवाद दिन चाहन्छु। यस अवसरमा जनमतबाट प्राप्त जनादेशलाई सैनामैनाको हितमा खर्चिने समेत प्रतिवद्धता व्यक्त गर्दछु।

संविधान प्रदत्त नगरको अधिकार, स्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित सैनामैना नगरपालिकाको आर्थिक समृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको अभ्यासको क्रममा सहयोग गर्नुहुने राजनीतिक दल, कर्मचारी, सुरक्षाकर्मी, पत्रकार एवम् सञ्चारकर्मी तथा सैनामैना नगरवासीहरु प्रति धन्यवाद ज्ञापन गर्दछु।

नेपालको संविधानले व्यवस्था गरे बमोजिम हामीले स्थानीय सरकारको रुपमा नीति, कार्यक्रम प्रस्तुत गर्न गईरहेकाछौं। देश कोभिड-१९ को महामारीबाट प्रभावित भई जनजीवन सहज तर्फ गईरहेको परिस्थितिमा यस नगरपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

जनताको प्रत्यक्ष समिपमा रहेको स्थानीय सरकार जनताको त्याग र बलिदानबाट प्राप्त उपलब्धि हो। स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनताप्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त नगर निर्माण तथा सभ्य र सु–संस्कृत समाज एवम् आफ्नो कर्तव्य प्रति दृढ रहनु यस नगरपालिकाको आदर्शको रुपमा रहि आएको छ।

राज्यको पुनर्संरचना संगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह गरी तीन तहका सरकारको हक, अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन्। यस नगरपालिकाको प्रथम पञ्चबर्षीय योजनामा **सैनामैना समृद्धिको आधारः उत्पादन, पर्यटन र पूर्वाधार** भन्ने दीर्घकालीन सोच तय भएको र सोही सोच समेतलाई आधार मानी यो नीति तथा कार्यक्रम तयार गरिएको छ। राष्ट्रिय दीगो विकासको लक्ष्य तथा विभिन्न समयमा नेपाल सरकारले दिएका मार्गदर्शनको परिधिभित्र रही यस गरिमामय सभामा आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

नगरसभाका सदस्यज्यू एवम् उपस्थित महानुभावहरु,

अब म आ.व. २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

सामाजिक विकास

१. नेपालको संविधान, २०७२ ले प्रदान गरेको नागरिकको आधारभूत स्वास्थ्य सेवाको अधिकारलाई प्रत्याभूत गर्न स्वास्थ्य सेवा तथा संस्थाहरुलाई सवलिकरण गरिनेछ। यसका लागि नगरपालिकाका तीन वटा स्वास्थ्य चौकी, एक वटा सहरी स्वास्थ्य सेवा केन्द्र र छ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई नेपाल सरकारबाट तोकिएका थप औषधी र स्वास्थ्य सेवालाई निशुल्क प्रदान गरिनेछ।

२. सैनामैना नगरपालिका कोभिड १९ विरुद्धको पूर्ण खोप सुनिश्चित भएको नगरपालिका घोषणा भइसकेकोले यसलाई निरन्तरता दिन आवश्यक प्रवन्ध मिलाईनेछ।

३. पर्रोहा स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी मुर्गियामा विशेषज्ञ स्वास्थ्य सेवा, अत्याधुनिक उपकरण र सुविधा सहितको १५ शैया क्षमताको आधारभूत अस्पताल निर्माण कार्य भईरहेको हुँदा उक्त निर्माण कार्य तिव्रताका साथ सम्पन्न गरिनेछ। आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण कार्य सम्पन्न गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ।

४. सैनामैना नगरपालिका भित्रका जेष्ठनागरिक तथा अपाङ्गता भएका नागरिकलाई घरमै स्वास्थ्य सेवा दिने व्यवस्था मिलाईनुका साथै अपाङ्गता भएका व्यक्ति, ७० वर्ष माथिका ज्येष्ठ नागरिक, गर्भवति तथा सुत्केरी महिला, अति विपन्न गरिव परिवारका व्यक्तिहरुलाई स्वास्थ्य सेवा लिनका लागि रुपन्देही जिल्ला भित्रका अन्य स्वास्थ्य संस्थामा जानु पर्ने भएमा निशुल्क एम्वुलेन्स सेवाको व्यवस्था मिलाईनेछ।

५. क्यान्सर, मुटुरोग, मृगौला रोग, गम्भिर चोटपटक लागायका विभिन्न स्वास्थ्य समस्या भएर आर्थिक अभावमा स्वास्थ्य संस्थामा जान नसकेका विपन्न नगरवासीलाई नजिकको अस्पतालसम्म पुगेर उपचार गराउन आवश्यक प्रवन्ध मिलाईनेछ।

६. पाठेघरको मुखको क्यान्सर समयमै पहिचान गर्नका लागि तीन वटा स्वास्थ्य संस्थामा निशुल्क नियमित पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग गर्ने कार्यको शुरुवात गरिनेछ।

७. सैनामैना ११ वनकट्टीमा निर्माण भएको सर्पदंश उपचार केन्द्र सन्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ। जनावरको टोकाईबाट लाग्ने रेविज रोगको रोकथामका लागि पर्रोहा स्वास्थ्य चौकीमा संन्चालित एन्टी रेविज भ्याक्सिन लगाउँने कार्यलाई थप व्यवस्थित गरिनेछ। सैनामैनाका तीन वटै स्वास्थ्य चौकीमा रहेको प्रयोगशाला सेवालाई गुणस्तरीय र थप प्रभावकारी बनाउदै लगिने छ।

८. संघीय सरकारको सहकार्यमा सैनामैना नगरपालिकाको वडा नं. ११ वनकट्टिमा ट्रमा सेन्टरको निर्माण कार्य प्रारम्भ गरिनेछ।

९. थारु समुदायमा मात्र हुने सिकलसेल एनिमिया रोगको रोकथाम तथा उपचार गर्न गरीव तथा विपन्न परिवारको लागि आवश्यक सहयोग गरिनेछ।

१०. सुत्केरी आमा तथा शिशुको स्वास्थ्य प्रति संवेदनशिल रहदै सुत्केरी आमा तथा नवजात शिशुको पोषणका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

११. फोहारमैलाको दीर्घकालिन व्यवस्थापनको लागि सैनामैना नगरपालिका वडा नं. १० स्थित एकला पहाडमा बुटवल उपमहानगरपालिका, सैनामैना नगरपालिका र कञ्चन गाउँ पालिकाको सहकार्यमा अन्तर स्थानीय तह संयुक्त फोहारमैला प्रशोधन केन्द्र निर्माण गर्न संघीय सरकारबाट जग्गा भोगाधिकार लिई निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि वढाइनेछ।

१२. सम्पूर्ण नगरवासीलाई सफा, स्वच्छ र गुणस्तरीय खानेपानी उपलव्ध गराउन संघीय र प्रदेश सरकारको समन्वयमा पाइपलाईन विस्तार र ओभरहेड टयाँङकी निर्माणको कार्यलाई निरन्तरता दिईनेछ।

१३. नगरपालिकालाई पूर्ण सरसफाई कायम गर्न आ-आफ्नो टोलमा सरसफाई गर्न टोल विकास संस्थालाई परिचालन गरिनेछ। सरसफाईमा उत्कृष्ट टोल विकास संस्थालाई उचित पुरस्कारको व्यवस्था मिलाईनेछ।

१४. मनो सामाजिक परामर्शका कार्यक्रम संचालन गरी नगर भित्र हुने मनोसामाजिक बिकृतिहरूलाई न्यूनिकरण गर्नि नीति लिइनेछ।

१५. प्राथमिक तहका सबै बालबालिकालाई विद्यालयमा तयार गरिएको निशुल्क, स्वच्छ र स्वास्थ्य वर्धक खाजाका लागि संघीय सरकारवाट प्राप्त हुने बजेटमा थप गरी गुणस्तरीय खाजाको व्यवस्था मिलाईनेछ। सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क उपलव्ध

गराउदै आएको सेनेटरी प्याड सेवालाई संस्थागत विद्यालयका छात्राहरुलाई समेत निःशुल्क उपलब्ध गराउन शुरुवात गरिने छ।

१६. वौद्धिक अपाङ्गता भएका वालवालिकाहरुलाई पठनपाठन गराउन आवश्यक व्यवस्था मिलाईनेछ।

१७. वालवालिकाहरुको सिकाइ कृयाकलाप अभिवृद्धि गरी शैक्षिक गुणस्तर सुदृढिकरण गर्न विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा सूचना प्रविधिको पूर्वाधार विकास गरिनेछ। आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरी क्रमशः लागु गरिनेछ। विद्यार्थी प्रतिभा पहिचान गरी उत्कृष्ट प्रतिभाहरुलाई प्रोत्साहन गरिने छ।

१८. प्राविधिक कक्षा र विज्ञान विषय संचालन भएका विद्यालय तथा अनौपचारिक महिला विद्यालयलाई व्यवस्थित रुपले संचालन गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ।

१९. स्वास्थ्यका लागि खेलकूल राष्ट्रका लागि खेलकूद अभियानलाई सार्थक बनाउन नगरस्तरीय खेलकूद समितिद्वारा नगर भित्र संचालन हुने सबै किसिमका खेलहरुलाई एकद्वार प्रणालीवाट संचालन गरिने छ। नगर भित्रका युवाहरुलाई खेलमा प्रोत्साहन गर्न मेयरकप संचालन गरिने छ साथै बिद्यालयका विद्यार्थीहरु सहभागी हुने नगरस्तरीय खेल सप्ताहलाई निरन्तरता दिइनेछ।

२०. महिलाहरुको मूलप्रवाहीकरण, समावेशीकरण तथा सशक्तीकरणका लागि उनीहरुको सीप तथा क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिई पिछडिएका विपन्न एकल तथा बेरोजगार महिलाहरुलाई स्वरोजगार बनाउने नीति लिईनेछ। नगरपालिकालाई वालमैत्री नगरपालिका बनाउन बालक्लवको क्षमता विकास तथा सम्बर्धनका साथै बालविवाह विरुद्धको कार्यक्रम सञ्चालन गरिनेछ।

२१. नगर भित्रका अपाङ्ग परिचय पत्र प्राप्त नगरेका नागरिकलाई परिचय पत्र वितरणलाई निरन्तरता दिईनेछ। अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास कार्यक्रम सन्चालन गरी स्वरोजगार वनाउने तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ। मानव बेचविखन विरुद्धको दिवस, अपाङ्ग दिवस, ज्येष्ठ नागरिक दिवस लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान तथा अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसका साथै विभिन्न दिवसीय कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२२. संगठन, बचत र सीप विकासको माध्यमबाट गरिबी न्युनिकरण गर्ने उद्धेश्यले सैनामैना नगरपालिकामा सञ्चालित स्थानीय विकास कोष कार्यक्रम समताको नीति अबलम्बन गरी समुदायमा पिछडिएका व्यक्तिहरुको सामाजिक, आर्थिक शसक्तिकरणमा टेवा पुर्याउन

सामुदायिक संस्थाका सदस्यहरुलाई विभिन्न जनचेतनामुलक, क्षमतामुलक र आयमुलक कार्यक्रम सञ्चालन गरी स्वावलम्बी र आत्मनिर्भर बन्न प्रेरित गरिनुको साथै वडा नं १० र ११ मा सामुदायिक संस्था गठन कार्यलाई निरन्तरता दिइनेछ।

२३. नगरभित्रका पछाडि परेका महिलाहरुलाई उद्यमी तथा गतिशिल वनाउन नियमित सन्चालन भैरहेको महिलासंग उपप्रमुख कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२४. बालवालिकाको सामाजिक, वौद्धिक तथा संवेगात्मक र नैतिक विकासका लागि नगर प्रमुखसँग बालबालिका कार्यक्रमको थालनी गरिनेछ।

२५. समाजमा विकृतिको रुपमा फैलिरहेको लागु पदार्थ दुर्व्यसनी नियन्त्रणको लागि आवश्यक कार्यक्रमहरु सन्चालन गरिनुको साथै लागु पदार्थ, लागु औषध, मदिरा उत्पादन, वितरण र उपभोगमा कानून वमोजिम कडा नियन्त्रण गरिनेछ।

आर्थिक विकास

२६. राष्ट्रिय भूमि आयोगको नीति अनुरुप नगरपालिकाभित्र रहेका भूमिहीन सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन भई निवेदनहरु प्रविष्ट गर्ने कार्य अन्तिम चरणमा रहेकोले उक्त कार्य सम्पन्न भएपश्चात राष्ट्रिय भूमि आयोगले पहिचान र प्रमाणिकरण गरेको भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको घरजग्गा नापजाँच र नक्सा तयार गरि जग्गा धनी प्रमाण पुर्जा वितरण गर्ने व्यवस्था मिलाईनेछ।

२७. विभिन्न उन्नत जातका विउविजन र फलफूलका विरुवा अनुदानमा वितरणलाई निरन्तरता दिईनेछ। बालीमा लाग्ने विभिन्न किरा तथा रोग व्यवस्थापन तथा निवारण गर्नको लागि किटनाशक तथा ढुसीनाशक विषादी वितरण तथा वाली उपचार शिविर संचालन गरिनेछ। मसला वाली तथा आलुवाली उत्पादन गर्ने कृषकहरुलाई वीउ भण्डारणको लागि ढुवानी खर्च तथा कोल्ड स्टोर शुल्कमा अनुदानको व्यवस्था गरिनेछ।

२८. कृषि पाठशाला तथा अनुसरण कार्यक्रम संचालन गरिने छ। माटोमा खाद्यतत्व व्यवस्थापनको लागि माटो जाँच तथा ढैंचाको वीउ वितरण गरिनेछ। खेती प्रणालीमा लागत कम गर्नको लागि प्लाष्टिक रोल वितरण गरिने छ। माहुरी पालन व्यावसायमा सहयोग पुर्याउनको लागि रानी तथा घारको वितरणलाई निरन्तरता दिईनेछ।

२९. साना व्यावसायिक कृषकहरुलाई उत्पादन वृद्धि गर्ने उद्देश्यले विभिन्न वालीमा **मागमा आधारित कार्यक्रम** संचालन गरिने छ। कृषिमा लागत कम गर्न कृषि यान्त्रिकरण र साना सिंचाई वितरण कार्यक्रममा दिईदै आएको अनुदानलाई थप गर्ने नीति लिईनेछ।

कृषकहरुलाई वाली विशेष तालिमको व्यवस्था गरिनेछ। व्यावसायिक फूल खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनेछ। कृषिमा व्यावसायिकरण गर्ने उत्कृष्ठ कृषकहरु पहिचान गरी प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

३०. उन्नत नश्ल सुधार कार्यक्रम र दूधमा लागत कम गर्नका लागि हिउदे, वर्षे, वहुबर्षीय घाँसको बीउ, सेट्स /स्लिप तथा डाले घाँसको बिरुवा बितरण कार्यलाई निरन्तरता दिईनेछ।

३१. पशु स्वास्थ्य कार्यक्रममा उपचार, प्रयोगशाला, खोप सेवाहरुलाई प्रथामिकता दिईनेछ। साझेदारीमा युवा लक्षित कृषि व्यवसायिक प्रबर्धन गोठ, खोर, माछा पोखरी निमार्ण तथा मर्मत कार्यक्रमलाई निरन्तरता दिनुका साथै पशुपालनमा लागत न्युनिकरण गर्नको लागि यान्त्रीकरणमा बिशेष जोड दिइनेछ। पशुपंक्षी तथा माछापालन सम्बन्धी तालिम र पशुपक्षीं बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३२. मासु र दुध उत्पादनलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान कार्यक्रम सन्चालन गरिनेछ। बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रम र गरीब, बिपन्न परिवार पोषण कार्यक्रम लागु गरिनेछ। बाझोपन भएका पशुहरुलाई धुम्ती शिबिर मार्फत उपचार गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

३३. नगरपालिका भित्र रहेका छाडा चौपायहरु व्यवस्थापन गर्न सार्वजनिक नीजि साझेदारीमा आधारित कार्यक्रममा नगरपालिकाले सहयोग गर्ने नीति लिईनेछ।

३४. गरिवी न्यूनीकरण तथा रोजगारीका अवसरमा बृद्धि गर्न रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ। श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, अन्य व्यवसाय, उद्योग र वित्तीय क्षेत्रबाट रोजगारीको सिर्जना गरिनेछ।

३५. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम १०० दिनको रोजगारी प्रत्याभुत गर्न **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना** संचालन गरी श्रममुलक योजना मार्फत समुदायको विकाससंगै सामाजिक संरक्षणको व्यवस्था मिलाईनेछ।

३६. संघ तथा प्रदेशले संचालन गर्ने रोजगारमुलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ। दक्ष तथा सक्षम जनशक्तिको विकास गर्न र आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सिपमुलक तालिम पहिचान गरी बेरोजगार व्यक्तिहरुलाई सिपमुलक तालिम मार्फत रोजगार वनाउने नीति लिईनेछ।

३७. नगरपालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखी आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ।

पूर्वाधार विकास

३८. नगर भित्र रहेका पार्क, उद्यान लगायतका हरित क्षेत्रलाई व्यवस्थित, सफा र सुन्दर बनाउने कार्यलाई प्राथमिकतामा राखिनेछ।

३९. सार्वजनिक निजी साझेदारीमा निर्माण तथा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई सुचीकरण गर्न खोज अनुसन्धान गरी बजेटको लागि संघ, प्रदेश र नगरपालिकाको सहलगानीमा सुचारु गर्ने नीति लिइनेछ।

४०. नगर भित्र निर्माण हुने क र ख बर्गका भवन र १५ धुर माथि क्षेत्रफलमा बन्ने सबै बर्गका भवनहरुमा बर्षादको पानी सोझै ढल वा नालीमा नमिसाई पुनर्भरणका निम्ति सोक पिट वा रेन वाटर हार्भेष्टिङ्ग (Rain Water Harvesting) को प्रविधि अपनाई जमिन मुनि पठाउने व्यवस्था अवलम्वन गरिनेछ।

४१. शहरी सौन्दर्य र हराभरा नगर बनाउन एक घर दुई विरुवाको अवधारणा लाई निरन्तरता दिईनेछ।

४२. सुरक्षित वस्तीका लागि हरित नदी क्षेत्र विकास गर्न नदीको छेउ तथा उकास भएको जमिनमा वायो ईन्जिनियरिङ्ग (Bio Engineering) प्रविधि अपनाई वृक्षारोपण गर्ने नीति लिईनेछ।

४३. भवन संहिता अनुसार भवन निर्माण गर्न यस नगरमा रहेका डकर्मीहरुलाई आवश्यक तालिम प्रदान गर्ने र पुनर्ताजगी तालिमको व्यवस्थालाई निरन्तरता दिईने छ।

४४. आयोजनाहरुमा गरिने निर्माण कार्यको गुणस्तरीयता परीक्षण गर्न प्रयोगशाला स्थापना गरिनेछ।

४५. नगर भित्रका मुख्य सडकहरु मुर्गिया-लुम्बिनी सडक, कलौनी- लुम्बिनी सडक, सैनामैना चक्रपथ, सैनामैना मेजर सडक, सालझण्डी- ढोरपाटन सडक जस्ता ठूला सडकहरुमा वातावरणीय रुपमा सुन्दरताका निम्ति ग्रीनबेल्ट निर्माण गर्न सुगन्धित सदाबहार फुल्ने विरुवा र फलफुलका विरुवा रोप्ने कार्यको थालनी गरिनेछ।

४६. संघ, प्रदेश र नगरपालिकाको सहलगानीमा ठूला तथा महत्वपूर्ण आयोजनाहरुमा बजेटको सुनिश्चित गरी निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

४७. नगरभित्र रहेका दाहसंस्कार घाटहरुको उचित व्यवस्थापन, स्तरउन्नती तथा मर्मत र संरक्षण गर्न विशेष योजना सन्चालन गरिनेछ।

४८. यस नगरमा बसोबास गर्ने थारु समुदाय लगाएतका अन्य आदिवासी समुदायहरुको भाषा, संस्कृति जगेर्ना गर्ने र ऐतिहासिक भड्छा महोत्सवलाई निरन्तरता दिईनेछ।

४९. चुरे क्षेत्रको संरक्षण तथा संवर्धन गर्न नगरपालिका, सामुदायिक वन र राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको सहकार्यमा चुरे पहाडको फेदमा तारजाली गर्ने र भिरालो जमिनमा बाँस, निगालो, अम्रिसो, केतुकी लगायतका बिरूवा रोप्ने कार्यलाई निरन्नतरता दिइनेछ।

५०. विस्तारै घट्दै गएको भूमिगत पानीको सतह पुनर्भरण गरी माथि ल्याउन तथा पर्यावरण संरक्षण गर्न एक वडा एक पोखरी निर्माण गर्ने नीति लिइनेछ। ऐतिहासिक महत्वका पोखरीको समेत विस्तार गरी पर्यटकीय प्रवर्धन गरिनेछ र ठुला पोखरीमा फिसिङ् स्टेसन राखिनेछ।

५१. विकेन्द्रिकरणको सिद्धान्त अनुरुप वडावासीलाई सम्वोधन हुने गरी वडामा दिईने पूजिगत अनुदानलाई वृद्धि गर्ने नीति लिईने छ।

५२. स्वस्थ नागरिक, स्वस्थ नगर भन्ने नीतिलाई अंगिकार गरी खुला व्यायमशाला निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५३. नेपाल सरकारबाट गरिव तथा विपन्न नागरिकको परिचयपत्र प्राप्त नगरवासीलाई लक्षित गरी गरीवसंग नगर प्रमुख जिविकोपार्जन कार्यक्रमको थालनी गरिनेछ।

५४. सैनामैना ११ जलैंया स्थित राजापानी सिमसार क्षेत्र र सैनामैना ४ लेडुवा सिमसार क्षेत्र आसपास सामुहिक माछापालन गरी पर्यटकीय एवं पर्यावरणीय प्रवर्धन गर्दै स्थानीयको आयस्रोत वृद्धि गर्ने नीति लिइनेछ।

५५. खुला संग्रालयको रुपमा रहेको सैनामैना क्षेत्र भित्र पर्ने सार्वजनिक जग्गा संरक्षण एवं सो क्षेत्रको प्रवर्धन गर्ने नीति लिइनेछ।

५६. सदियौ देखि बसोवास गर्दै आएका अति इमान्दार र सरल स्वभावका धनि आदिवासी थारु समुदायहरुको विधमान आधारभूत आवश्यकता मध्ये सडक र ढल निकास लगायतका समस्याहरु हालसम्म यथावत रही सोबाट उपेक्षित एवं वञ्चित रही संवन्धित निकायमा समेत आवाज पुग्न नसकी यि समुदायको पहिचान, संस्कृति र संस्कारलाई समेत असर नपर्ने गरि

थारु जातीको बाहुल्यता रहेको यस नगरपालिकाको वडा नं. १ को पर्रोहा गाउँ, वडा नं. ५ पोखरभिडवा गाउँ र वडा नं. ११ को ताली र बिचौवापुर गाउँमा रहेका सडकहरुको दायाँवायाँ वृक्षारोपण सहित ढल निकास, कालोपत्रेको सट्टा टायल विछयाउने, वत्ती जडान गर्ने र वातावरण सन्तुलन कायम गर्ने कार्यमा समेत टेवा पुग्ने भएकोले विकासको प्रतिफलबाट अत्यन्त पछाडि परेको उक्त समुदायलाई स्थानीय सरकारको प्रत्यक्ष अनुभूति दिलाउन पहिलो चरणमा वातावरण मैत्री उज्यालो नमूना गाउँ बनाउने नीति लिइएको छ।

५७. नेपाल सरकार र लुम्बिनी प्रदेशको सहलगानीमा वडा नं ३ मा अवस्थित लामीरह वहुउद्देश्यीय वाँध वहुवर्षिय ठेक्का व्यवस्थापन गरी निर्माण गर्ने व्यवस्था मिलाईने छ।

५८. प्रदेश सरकारको सहकार्यमा वडा नं. १ मा प्रदेशस्तरको ज्येष्ठ नागरिक ग्राम र वडा नं. ९ मा यात्रु प्रतिक्षालय सहितको रिफ्रेस सेन्टर वहुवर्षिय योजनाको रुपमा निर्माण गर्ने व्यवस्था मिलाईनेछ।

५९. संघीय सरकार र नगरपालिकाको सहकार्यमा पर्रोहा पर्मेश्वर वोलवमधाम मन्दिर निर्माण कार्य सम्पन्न गरी पर्यटकिय धार्मिकस्थलको रुपमा विकास गरिनेछ।

६०. नगरभित्रका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पादाहरुको संरक्षण गरी पर्यटन पर्वद्धन गर्न थप पूर्वाधार निर्माण गर्ने नीति लिईनेछ।

६१. संघ, प्रदेश र नगरपालिको सझेदारीमा निर्माणाधिन औधोगिक ग्राम, गौतम वुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला, मुर्गियास्थित राष्ट्रिय फुटवल रङ्गशाला, वोलवम पार्क पूर्वाधार विकास, मुर्गियास्थित चिस्यान भण्डार, वडा कार्यालय निर्माण जस्ता वहुवर्षिय योजनाहरुको निर्माण कार्यलाई निरन्तरता दिईनुको साथै वडा नं. ९ र १० को वडा कार्यालय भवन निर्माण कार्य शुरुवात गरिनेछ।

६२. एसियाली विकास वैंकको सहयोगमा सैनामैना चक्रपथको सालझण्डी खण्ड सहित ११ वटा नगरका रणनैतिक सडक, राजापानी र पानवारी सिमसार क्षेत्र, मलमला क्षेत्र एकिकृत विकास आयोजना, फोहरमैला व्यवस्थापन केन्द्र, मुर्गिया स्थित दुर्गा मन्दिर शैलपुत्री पार्क जस्ता रणनैतिक महत्वका योजनाहरु कार्यन्वयन गर्ने व्यवस्था मिलाईनेछ।

६३. नगरपालिकाको प्रशासनिक भवन परिसरको अधुरो निर्माण कार्यलाई प्राथमिकता साथ सम्पन्न गरिनेछ।

वन वातावरण तथा विपद् व्यवस्थापन

६४. विपद् न्यूनिकरणको लागि पूर्व तयारीमा जुटौ भन्ने अभियानलाई साकार पार्न विपद् व्यवस्थापन समितिलाई अझैं प्रभावकारी वनाइनेछ।

६५. नगर विपद् प्रतिकार्य योजना वनाई नेपाली सेना, नेपाल प्रहरी, टोल विकास संस्था, स्थानीय क्लव र रेडक्रससँग समन्वय र सहकार्यमा विपद् न्यूनिकरण एवं व्यवस्थापनको प्रक्रियालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

६६. बढ्दो विपद्जन्य जोखिम न्यूनीकरणका लागि विद्यालयका शिक्षक र विद्यार्थीलाई भवन मापदण्ड तथा सडक सुरक्षा उपायहरु सहित ट्राफिक शिक्षा अभिमुखिकरणको व्यवस्था मिलाईनेछ।

६७. राष्ट्रिय राजनीतिमा अमूल्य योगदान पुऱ्याउने व्यक्तित्वहरुको स्मृति दिवसको अवसरमा नगरपालिका र सामुदायिक वनको सहकार्यमा सघन वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६८. जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधिहरुलाई प्रोत्साहित गरिनेछ। जलवायु अनुकूलित विकासका कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्धन गर्ने नीति लिइएको छ।

६९. सैनामैना नगरपालिका, कञ्चन गाउँपालिका, गैडहवा गाउँपालिका र सुद्धोधन गाउँपालिकाको संयुक्त प्रयास र सहकार्यमा अन्तर स्थानीय तह विपद् व्यवस्थापन तथा वारुणयन्त्र सञ्चालन समिति गठन गरी वारुणयन्त्र सञ्चालनमा ल्याइएको छ। अन्तर स्थानीय तह विपद् व्यवस्थापन केन्द्रको सवलिकरण र विस्तार गरिनेछ। जलवायु अनुकूलन, बैकल्पिक उर्जा तथा विपद् प्रतिकार्ययोजनाले अँगालेका विषयहरुलाई प्राथमिकता दिई कार्यान्वयनमा ल्याइनेछ।

७०. नगरपालिकाबाट खरिद गरिने सवारी साधानहरु वातावरण मैत्री बनाउदै विद्युतिय सवारी साधन खरिद गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

७१. विपद् व्यवस्थापन सम्बन्धी कानुन, नीतिहरु तथा कार्ययोजना तयार देखि जोखिम न्यूनीकरणलाई पुर्व तयारी र प्रतिक्रिया एवं विपद् उत्थानशील समाज निर्माण कार्य USAID र नेपाल नगरपालिका संघको साझेदारीमा अघि बढाइनेछ साथै विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउन नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका नेपाली सेना, शसस्त्र प्रहरी,

नेपाल प्रहरी, रेडक्रस र नेपाल स्काउटसँगको साझेदारीमा आपतकालीन उद्धार टोलीको गठन तथा सञ्चालन गरिनेछ।

७२. जंगली जनावरबाट कृषी क्षेत्रमा हुने क्षेतीको न्युनिकरणाका लागि वन कार्यालय सँग आवश्यक समन्वय गरी कार्यक्रम संचालन गरीनेछ।

सेवा प्रवाह तथा सुशासन

७३. घर नक्शा पास प्रणालीलाई सुधार गरी पारदर्शी, वैज्ञानिक र आधुनिक कार्यका लागि इलेक्ट्रोनिक विल्डिङ्ग प्रमिट सिस्टम (Electronic Building permit System -EBPS) प्रणाली मार्फत नक्सा पास सेवा प्रवाहलाई घर दैलोसम्म पुर्याउने व्यवस्था मिलाईनेछ र पुराना नक्शाको DIGITIZATION को कार्यलाई निरन्तरता दिईनेछ।

७४. भूकम्प प्रतिरोधी र सुरक्षित घर निर्माण गर्न भवन निर्माण संहिता तथा भवन निर्माण मापदण्डको र पुराना घरको मजवुति बढाउनको लागि रेट्रोफिटिङ (RETROFITTING) सम्बन्धी सूचना तथा जानकारीको लागि संचार माध्यमबाट प्रचारप्रसार गरी जनचेतना अभिबृद्धि गरिनेछ।

७५. नगरपालिकाको सेवा प्रवाहलाई विकेन्द्रित गरी वडा तह सम्म पुर्‍याउने लक्ष अनुरुप उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुको सम्झौता सम्बन्धित वडावाटै गर्ने नीति लिईनेछ।

७६. नगरपालिकाले हालको संवैधानिक तथा कानूनी व्यवस्था अनुसार राजश्व संकलनको दरहरु कायम भइसकेको र थप दायरा निर्धारण गरि त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिएकोले आगामी वर्षहरुमा राजश्व प्रक्षेपण गर्नुभन्दा पहिले सरोकारवालाहरुसँग प्रयास छलफल तथा परामर्श गरी आर्थिक जीवनमा प्रत्यक्ष असर नपर्ने व्यवस्था मिलाई करको दर वृद्धि नगरी दायरा फराकिलो वनाइनेछ। करदाताले तिर्नुपर्ने कर रकम सम्वन्धी जानकारी उपलव्ध गराउन कर शिक्षा सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।

७७. नगरपालिकामा सूचिकरण भई नगर क्षेत्रभित्र चल्ने अटोरिक्सा र ई-रिक्साहरुलाई विगतमा लकडाउनका कारणले वार्षिक लाग्ने कर छुट नपाएको कारणले नविकरण र वार्षिक कर नआएकोले करको दायरामा ल्याउन आ.व. २०७६।०७७ र २०७७।०७८ को वार्षिक करमा छुटदिने व्यवस्था मिलाईनेछ।

७८. नगरपालिकाको मतहातमा रहेको वडा नं. ३ मा लाग्ने मुर्गिया सोमवार, बिहीवार र वडा नं. ८ शान्ती टोलमा लाग्ने शुक्रवार साप्ताहिक हाटवजारको हकमा प्राकृतिक विपद् र महामारी

आएको खण्डमा साप्ताहिक हाटवजार सञ्चालन हुन नसकेको अवधि भरको दामासाहीका हिसावले आउने ठेक्का रकममा छुटदिने नीति लिइनेछ र वडा न १० स्थित पानवारी हाटबजार आ.व ०७९/०८० देखि सञ्चालनमा ल्याइनेछ।

७९. फुस तथा छाप्रोको घरमा जीवन निर्वाह गरी गुजारा गर्ने घरपरिवारहरुलाई सम्पत्तिकर तथा भुमिकर, बहाल विटौरी र पूर्वाधार विकास शुल्क मा छुटदिने नीति लिइनेछ।

८०. जुत्ता, चप्पल, छाता सिलाउने, मर्मत गर्ने, बुट पोलिस लगाउँने र मकै पोलेर दैनिक जीवन निर्वाह गर्ने पेशा व्यवसायीहरुलाई व्यवसायकर र वैठकी शुल्कमा छुटदिने नीति लिइनेछ।

८१. सम्पूर्ण पेशा व्यवसायीहरुलाई करको दायरामा आवद्ध गर्न र राजश्व असुलीमा तिव्रता ल्याउन सवै वडामा सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा राजश्व परिचालन उपसमिति गठन गरिनेछ।

८२. आ.व ०७९/०८० को पहिलो चौमासिक भित्र व्यवसाय कर, वहाल कर, सम्पत्ति कर, मालपोत तथा भूमिकर, बहाल विटौरी र पूर्वाधार विकास शुल्क एक मुस्ट बुझाएमा निश्चित रकम छुटदिने नीतिलाई निरन्तरता दिईनेछ।

८३. आगामी आ.व. देखी नगरपालिकाबाट गरिने खर्चका भुक्तानीहरु अनलाईन प्रणाली मार्फत गरिनेछ र नगरपालिकाको कर प्रणालीलाई सहज, सुलभ, पारदर्शी र प्रविधि मैत्री बनाई अनलाईन प्रणालीबाट कर चुक्ता गर्ने व्यवस्था मिलाईनेछ। नगरपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरु छिटो छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कम्प्युटरकृत सेवा प्रणालीको बिकास गर्दै लगिनेछ।

८४. नगरपालिका अन्तर्गत रिक्त रहेका कानून बमोजिम करार सेवा लिन मिल्ने पद बाहेकको स्वीकृत दरबन्दिमा स्थायी पदपूर्ति प्रक्रिया अगाढि बढाउने नीति लिइनेछ।

८५. हाल सम्म कर्मचारीलाई प्रदान गर्दै आएको प्रोत्साहन भत्तालाई पुनरावलोकन गरी वस्तुनिष्ठ र कार्य सम्पादन सूचकमा आधारित बनाउने नीति लिईनेछ।

८६. स्थानीय तहलाई प्राप्त अधिकारहरुको प्रयोग गरी स्थानीय सरकारको काम कारवाहीलाई प्रभावकारी बनाउन निर्माण गरिएका ऐन कानूनहरुलाई कार्यान्वयनमा ल्याइ विषयगत क्षेत्रका अत्यावश्यक कानून तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सेवाप्रवाहलाई सरलिकृत बनाउन अधिकतम सूचना प्रविधिको प्रयोग गरिनेछ।

८७. न्यायिक समितिमा दर्ता भएका निवेदनहरुको न्यायिक समिति मार्फत सूचिकृत मेलमिलाप सहजकर्ताद्धारा दुबै पक्षलाई मेलमिलापको माध्यमबाट सिघ्रताका साथ न्याय निरुपण गरी दुबै पक्षलाई जितको प्रत्याभूती हुने गरी समयमै विवादको छिनोफानो गरिने छ।

८८. न्यायिक समितिका पदाधिकारी, सूचिकृत मेलमिलाप सहजकर्ता र कर्मचारीहरुलाई समयानुकूल पुनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरी सक्षम एवं सवलीकरण गराउने नीति लिइनेछ।

८९. नगरपालिका कार्यालयमा डिजिटल नागरिक वडापत्र राख्ने कार्यको सुभारम्भ गरिनेछ। सेवाप्रवाहलाई प्रक्रियामूखी नभई परिणामूखी बनाईनेछ। नगरपालिकाको खर्च प्रणालीलाई सरलिकृत गरिनेछ। जनतालाई सरल विधिबाट समयमै सेवा प्रदान गर्ने गरी नगरपालिकाका शाखाहरुको स्पष्ट कार्यविवरण बनाई लागु गरिनेछ।

९०. नगरपालिकाको हरेक क्षेत्रको विकासका लागि नगर प्रोफाइल हुनुपर्ने मान्यता अनुसार **डिजिटल स्थानीय सूचना प्रणाली** (LGMIS) सफ्टवेयर जडान गर्ने र गुगल बेस्ड डिजिटल हाउस नम्बरीङ् कार्यलाई निरन्तरता दिइनेछ।

९१. नगरपालिका र अन्तरगतका वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा सेवा प्रवाहलाई सहज वनाउनका लागि फ्री-वाईफाईको व्यवस्था मिलाईनेछ।

९२. नव निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरी नगरवासीलाई सहज रुपमा सेवा प्रवाह गर्न संस्थागत सुदृढिकरण गरिनेछ। नगरपालिकाको सङ्गठन संरचना पुनरावलोकन गरी जनशक्ति पूर्ति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। पारदर्शिता तथा जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गरिनेछ।

९३. ८० वर्ष माथिका जेष्ठ नागरिक र पूर्ण अपाङ्गता तथा असक्त भएका लाभग्राहीहरुलाई बैंकमार्फत घरमै सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्थालाई थप प्रभावकारी बनाईनेछ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको फोटो सहितको विवरण अनलाईन प्रणालीमा अद्यावधिक गरिनेछ।

९४. राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागसंग समन्वय गरी छुट डिजिटाइजेसनलाई पूर्णता दिइनेछ।

९५. एम.आइ.एस. सेवा इकाई संचालन कार्यलाई निरन्तरता दिइ नेपाल सरकार र विश्व बैंक विच भएको सम्झौता बमोजिम सन २०२४ सम्म जन्मदर्ता सतप्रतिशत पुर्‍याउने राज्यको नीतिलाई पूर्ण रुपमा अंगिकार गरिनेछ।

९६. नगरपालिका तथा वडा कार्यालयहरुको लागि आवश्यक विद्युतीय उपकरण, फर्निचर लगायतको व्यवस्था मिलाई सुविधा सम्पन्न बनाइनेछ।

९७. नगरपालिकाबाट संचालित कार्यक्रमहरुमा हुने फजुल खर्च घटाइ मितव्ययिता कायम गरिनेछ।

९८. जनतासंग जनप्रतिनिधि, हाम्रो सैनामैना राम्रो सैनामैना जस्ता रेडियो, टेलिभिजन कार्यक्रम, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा सार्वजनिक परिक्षण जस्ता कार्यक्रमलाई निरन्तरता दिई पारदर्शिता र जवाफदेहीता कायम गरिनेछ।

९९. नगरपालिकाको पुर्व पश्चिम राजमार्गको क्षेत्रमा सडक दुर्घटना न्युनिकरण तथा शान्ति सुरक्षा कायम गर्न प्रदेश सरकारको सहयोगमा सि.सि. क्यामेरा जडान कार्यलाई पुर्णता दिइनेछ।

१००. निर्दिष्ट भू-उपयोग क्षेत्र र भू-उपयोग योजनाको आधारमा भूमी तथा भूमीश्रोतको उपयोग गर्ने व्यवस्था सुनिश्चित गर्न नगर स्तरीय भू- उपयोग नक्शा तयार भएकोले स्थानीय भू-उपयोग परिषद बाट पास गरि कार्यान्वयनमा ल्याईनेछ। सरकारी, सार्वजनिक र गुठी जग्गाहरूको पहिचान, नापजाँच, संरक्षण तथा समुचित उपयोगको नीति कार्यान्वयनमा ल्याइनेछ।

१०१. नगरको समुचित विकासका लागि भाषा, परम्परा, संस्कृतिको प्रर्वधन तथा पर्यटन प्रर्वधन र अन्य सामाजिक आर्थिक पक्ष समेत आदान प्रदान हुने गरी अन्य राष्ट्रका स्थानीय सरकारहरुसँग नगरको पहिचान तथा विकासलाई अन्तर्राष्ट्रिय समुदायबीच परिचित गराउन भगिनि सम्बन्ध बिस्तार गर्ने नीति लिइनेछ।

नगरसभाका सदस्यज्यू एवम् उपस्थित महानुभावहरु,

"सैनामैना समृद्धिको आधारः उत्पादन, पर्यटन र पूर्वाधार" भन्ने नारालाई साकार पार्नका लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रमहरू आधारको रुपमा रहनेछन। यी नीतिहरुको सही कार्यान्वयनको लागि जनप्रतिनिधि, नगरपालिकामा क्रियाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, पत्रकार जगत, नागरीक समाज लगायत सम्पूर्ण सैनामैनावासी आमा-बुवा, दाजुभाई, दिदी-बहिनीहरुको रचनात्मक सुझाव, सल्लाह र सहयोगको अपेक्षा गरेको छु।

अन्त्यमा देश भित्र र बाहिर रहनुहुने सम्पूर्ण सैनामैना नगरवासीहरुबाट नगर बिकासमा नगरपालिकासँग हातेमालो गर्दै योगदान गर्नुहुनेछ भन्ने अपेक्षा सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद
फणेन्द प्रसाद शर्मा
नगर प्रमुख

सैनामैना नगरपालिकाको एघारौं नगरसभामा प्रस्तुत
आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम

यस गरिमामय नगरसभाका सभाध्यक्ष महोदय,
नगर सभाका सदस्यहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु,

सैनामैना नगरपालिकाको यस गरिमामय नगर सभामा आर्थिक बर्ष २०७९/८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित भएको छु।

यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

मिति २०७९ वैसाख ३० गते सम्पन्न स्थानीय तहको चुनावबाट प्राप्त जनादेश र नगरवासीको चाहना अनुरुप उपलब्ध स्रोत साधनलाई समुचित प्रयोग गरी नगरवासीको आवश्यकतालाई बजेटमा समावेश गर्ने प्रयत्न गरेको छु। स्रोत साधनको सिमितता, न्युन आयस्रोत र नगरवासीको उच्च आकांक्षालाई मध्यनजर गरी आर्थिक क्षेत्रको पुनर्उत्थान तथा समृद्धिको यात्रालाई जारी राख्न बजेट विनियोजन गरेको छु। क्षेत्रगत र भौगोलिक सन्तुलन कायम हुने गरी दीर्घकालीन रुपमा प्रतिफल दिन सक्ने योजनाहरु कार्यन्वयन गर्न स्रोत, साधन, प्रविधि र जनशक्ति आदिको प्रभावकारी उपयोग गर्ने रणनीति अवलम्बन गरेको छु।

बजेट विनियोजनमा स्थानीय टोलबासीको माग, वडा समिति, बिषयगत समिति, राजस्व परामर्श समिति समेतको सिफारिसको आधारमा योजनाको प्राथमिकीकरण गरी बजेट विनियोजन गरेको छु। विनियोजित बजेटमा एकै पटक असीमित आवश्यकता पुरा गर्न नसकिएता पनि सकेसम्म समेटने प्रयास गरेको छु।

सभाध्यक्ष महोदय,

चालु आ.व. ०७८/०७९ को नगरपालिकाको आर्थिक स्थिति र बजेट कार्यान्वयन समिक्षा प्रस्तुत गर्न चाहान्छु।

आ.व. ०७८/०७९ मा आय तर्फ रु १ अर्व २२ करोड १९ लाख ४३ हजार ३ सय ४१ अनुमान गरिएकोमा हाल सम्म रु. ८८ करोड ४६ लाख १२ हजार ६ सय ५५ आम्दानी भएको र व्यय तर्फ चालु खर्च रु ७२ करोड ३१ लाख ६८ हजार ८ सय ७३ अनुमान गरिएकोमा रु ४९ करोड

८२ लाख १९ हजार ८ सय ७ खर्च भएको छ भने पूजिगत तर्फ रु ४४ करोड ८७ लाख ७४ हजार ४ सय ६८ खर्च अनुमान गरिएकोमा हाल सम्म रु २४ करोड ८४ लाख ९० हजार १ सय १९ खर्च भएको छ।

सभाध्यक्ष महोदय,

उपलब्ध स्रोत, साधन र विभिन्न सम्भावनाको वावजुद यस नगरपालिकामा देहायका चुनौतीहरु विद्यमान छन।

- स्थानीय आवश्यकता परिपूर्तिमा स्थानीय सरकार छ भन्ने जनतालाई अनुभुति दिलाउनु।
- सिमित स्रोत साधनबाट नगरवासीका असिमित विकासको आकांक्षालाई संम्वोघन गर्नु।
- आधारभूत स्वास्थ्य सेवा विपन्न नागरिकले सहज र निशुल्क रुपमा पाउने व्यवस्था मिलाउनु।
- विपन्न, गरिब परिवारलाई खाद्य संकटबाट मुक्त गराउनु।
- सहकारीको लगानीलाई कृषि उत्पादन र बजारिकरणमा उपयोग गर्दै उद्यमशिलता विकास गर्नु।
- नदी नियन्त्रण तथा तटबन्ध गर्नु।
- भवन संहिताको प्रभावकारी कार्यान्वयन गरी सुरक्षित घर निर्माण गर्नु।
- भू–उपयोग नीति र योजनाका आधारमा भूमिको उपयोग गर्दै अव्यवस्थित शहरीकरणलाई व्यवस्थापन गर्नु साथै सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण गर्नु।
- समाजमा बढ्दो रुपमा रहेको लागु औषध दुर्व्यसनीलाई नियन्त्रण गर्नु।
- नगरभित्रका सम्पूर्ण सडकलाई तोकिएको मापदण्ड बमोजिम फराकिलो र व्यवस्थित गरी हरित सडकको रुपमा विकास गर्नु
- कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण गरी गरीबी तथा वेरोजगारी समस्यालाई न्यूनीकरण गरी आत्मनिर्भर नगरको निर्माण गर्नु
- न्युन रुपमा रहेको नगरपालिकाको राजश्वलाई बृद्धि गर्नु।

सभाध्यक्ष महोदय,

उपरोक्त चुनौतीहरुको वावजुद नगरवासीको समृद्धिको सपना साकार पार्नु हाम्रो दायित्व हो। नगरपालिकको प्रथम पञ्चवर्षिय योजनाले लिएको दीर्घकालिन सोच **"सैनामैना समृद्धिको आधारः**

उत्पादन, पर्यटन र पूर्वाधार" लाई पूरा गर्न आ.व. २०७९/८० को बजेटका देहायका उद्देश्यहरु रहेका छन्।

- संक्रामक लगायत सबै प्रकारको रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीविकालाई सहज र सुरक्षित बनाउने।
- कोरोना विरुद्धको पुर्णखोप सुनिश्चततालाई निरन्तरता दिने।
- कोरोना महामारीबाट खस्किएको अर्थतन्त्रलाई चलायमान बनाउने।
- बेरोजगार युवा-युवतिहरुलाई रोजगारिका अवसर सिर्जना गर्ने।
- जनतालाई स्थानीय सरकारको अनुभूति गराउने।
- विकास र सेवाबाट पछडि परेका थारु तथा आदिवासी जनजातिको साँस्कृतिक परम्पराको संरक्षण गर्दै समताको मर्म वमोजिम विकासको अनुभुति दिलाउने।
- नगरको बिकासमा जनताको सहभागिता र अपनत्वको महसुस गराउने।
- जनताको माग र नगरको प्राथमिकता वमोजिम विकास व्यवस्थापन गर्ने।
- सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउदै सुशासन र सुरक्षाको प्रत्याभूति दिलाउने।
- सूचना प्रविधिको उपयोग गर्दै शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तर सुधार गर्ने।
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीको रुपमा विकास गरी कृषकलाई प्रोत्साहन गर्ने।
- प्राविधिक शिक्षा र सिपमूलक तालिमको माध्यमबाट स्वरोजगार बनाई जनताको जिवनस्तर सुधार गर्ने।
- पर्यटन प्रवर्द्धनको माध्यमबाट सैनामैनालाई विश्वसामु परिचित गराउने।

योजना र कार्यक्रमहरुलाई नागरिकको आवश्यकता र समयानुकुल बनाउन तथा बजेट कार्यान्वयनमा प्रभावकारीता ल्याउन बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रमहरुलाई निम्न आधारमा प्राथमिकिकरण गरी प्रस्तुत गरेको छु।

- स्वास्थ्य क्षेत्रको सबलिकरण गर्ने।
- बेरोजगार युवा तथा महिलालाई कृषि, पशुपालनमा आबद्ध गरि आत्मनिर्भर गराउने।
- स्वरोजगारको माध्यमबाट गरिबी न्यूनीकरणमा योगदान पुर्याउने।

- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने खालका कृषि, पशु विकासका कार्यक्रम सञ्चालन गर्ने।
- राजस्व परिचालनमा योगदान पुर्याउने कार्यक्रमहरु।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासन प्रबर्धनमा सहयोग पुर्याउने।
- स्थानीय स्रोत साधन र सीपबाट सञ्चालन हुने तथा लागत सहभागितामा अभिवृद्धि गर्ने।
- लैगिंक समानता, सामाजिक समावेशीकरणको माध्यमबाट पिछडिएका वर्ग तथा समूदायलाई राज्यको मुलधारमा समाहित गर्ने।
- दिगो विकास र वातावरण संरक्षणमा योगदान पुर्याउने।
- नगरका सांस्कृतिक र जातीय पहिचान संरक्षण र प्रवर्धन गर्ने।
- नागरिक स्तरबाट उठान भएका आवश्यकता एवं अपेक्षाहरुको संवोधन गर्ने।

सभाध्यक्ष महोदय,

संवत २०७९ साल आषाढ ६ गतेका दिन नगरसभाले स्वीकृत गरेको आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम, नेपालको संविधानको अनुसूची ८ को एकल अधिकार तथा अनुसूची ९ बमोजिमका साझा अधिकारको सूची, मौलिक हकहरु, संघीय सरकार र प्रदेश सरकारले अंगिकार गरेको नीति, संघीय तथा स्थानीय आवधिक योजनाले लिएका नीति, कार्यक्रम तथा प्राथमिकताहरु र दीगो विकासका लक्ष्य जस्ता विषयलाई आधार लिई आ.व. ०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु।

सभाध्यक्ष महोदय,

अब म नगरपालिकामा भएका विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु।

सामाजिक विकास

स्वास्थ्य

१. स्वास्थ्य सस्थाहरुका भवन मर्मत, ट्रस निर्माण, सर्पदम्स उपचार केन्द्र र मुर्गियाको वर्थिङ्ग सेन्टरका लागि रु २३ लाख ६० हजार विनियोजन गरेको छु।

२. आधारभूत स्वास्थ्य सेवाका लागि औषधि तथा उपकरण खरिद तथा व्यवस्थापनको लागि ६३ लाख ६० हजार विनियोजन गरेको छु।

३. महिलाको पाठेघरको मुखको क्यान्सरको नियमित परिक्षण, ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा अति विपन्न नागरिकलाई स्वास्थ्य संस्थासम्म पुग्न निःशुल्क एम्वुलेन्स सेवा प्रदान गर्न एम्वुलेन्स खरिद तथा व्यवस्थापन, किड्नी रोगका विरामीहरुले डायलाईसिस सेवा लिन वुटवल आउन जानको लागि यातायात व्यवस्थापन र ज्येष्ठ नागरिकलाई घरदैलो स्वास्थ्य सेवा लगायतका कार्यक्रमका लागि एकमुष्ठ रु २७ लाख ५० हजार विनियोजन गरेको छु।

४. नियमित गर्भ जाँच गराइ बर्थिंग सेन्टरमा सुत्केरी हुने महिलाहरुलाई नेपाल सरकारले दिदै आएको यातायात खर्चमा पोषण प्रवर्धनका लागि रु १ हजार थप गर्ने व्यवस्था लागि रु ६ लाख र परिवार कल्याण कार्यक्रमका लागि रु ६८ लाख विनियोजन गरेको छु।

५. स्वास्थ्य सम्वन्धी तथ्याङ्क व्यवस्थापन, सामुदायिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, पूर्णखोप दिगोपन, परिवार नियोजन सेवा, क्षयरोग, कुष्ठरोग, HIV संक्रमितको खोजपड्ताल, उपचार तथा एन्टी रेविज भ्याक्सिनको निरन्तरता जस्ता कार्यक्रमको लागि रु ३० लाख ५० हजार विनियोजन गरेकोछु।

६. पर्रोहा स्वास्थ्य चौकीलाई स्तरउन्नती गरी विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवा, अत्याधुनिक उपकरण र सुविधा सम्पन्न १५ सैयाको आधारभूत अस्पताल निर्माण गर्न ६ करोड विनियोजन गरेको छु।

७. महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाको क्षमता अभिबृद्धि, स्वास्थ्य विमा, ६० वर्ष उमेर पुगेकालाई सम्मानजनक विदाई, यातायात खर्च, अक्षयकोषको निरन्तरताका लागि ३३ लाख ४२ हजार विनियोजन गरेको छु।

समग्र स्वास्थ्य क्षेत्रको विकासका लागि जम्मा रु. ११ करोड ६ लाख विनियोजन गरेको छु।

शिक्षा, युवा तथा खेलकुद

८. नर्सरी देखि कक्षा ६ सम्मका सबै बालबालिकालाई विद्यालयमा तयार गरिएको निःशुल्क, स्वच्छ र स्वस्थ्यवर्धक खाजाका लागि संघीय सरकारवाट प्राप्त हुने वजेट रु १ करोड २२ लाख १७ हजारमा नगरबाट प्रति विद्यार्थी रु ५ थप गरी विद्यालयमा दिवा खाजाको व्यवस्था मिलाएको छु। यसको लागि रु १ करोड ६७ लाख १७ हजार विनियोजन गरेको छु।

९. सामुदायिक विद्यालयमा अध्ययनरत सवै छात्राहरुलाई आवश्यक पर्ने सेनेटरी प्याड निःशुल्क उपलव्ध गराईदै आएकोमा यस वर्षदेखि क्याम्पस र संस्थागत विद्यालयका छात्राहरुलाई

समेत निशुल्क सेनेटरी प्याड उपलब्ध गराउन रु ३ लाख वजेट विनियोजन गरेको छु। सेनिटरी प्याड खरिदका लागि कुल रु ३९ लाख ७५ हजार विनियोजन गरेको छु।

१०. सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीका लागि छात्रवृति तथा निःशुल्क पाठ्य पुस्तकका लागि रु ८९ लाख २१ हजार विनियोजन गरेको छु। यसै गरी विद्यालयमा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थाका लागि रु ४५ लाख ४२ हजार विनियोजन गरेको छु।

११. केन्द्रबाट छनौट भएको नमुना विद्यालयका लागि क्रमागत भवन निर्माणका लागि रु १ करोड १ लाख र मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमको लागि रु ७० लाख गरी जम्मा रु १ करोड ७१ लाख बजेट विनियोजन गरेको छु।

१२. वालवालिकाहरुको सिकाइ कृयाकलाप अभिवृद्धि गरी शैक्षिक गुणस्तर सुदृढिकरण गर्न विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा सूचना प्रविधिको पूर्वाधार विकास गर्ने कार्यलाई निरन्तरता दिएको छु। आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरी क्रमश लागु गर्न पाठ्यक्रम र पठ्यपुस्तक निर्माणको लागि रु १० लाख छुट्याएको छु। स्वच्छ प्रतिस्पर्धाद्वारा विद्यार्थीका उत्कृष्ट प्रतिभाहरुको पहिचान गरी त्यस्ता प्रतिभाहरुलाई प्रोत्साहन गर्न रु १ लाख ५० हजार वजेट विनियोजन गरेको छु।

१३. नगर भित्रका प्राविधिक धार, विज्ञान विषय सन्चालन भएका विद्यालयलाई प्रयोगशाला व्यवस्थापन गर्न रु ६ लाख, अनौपचारिक महिला विद्यालयलाई व्यवस्थित रुपले संचालन गर्न रु ५ लाख ८५ हजार तथा वौद्धिक अपाङ्गता भएका वालवालिका पढ्ने विद्यालयको लागि रु ३ लाख विनियोजन गरेको छु।

१४. फर्निचर नभएका कक्षा कोठाको लागि फर्निचर उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिएको छु। वालविकास सहजकर्तालाई पुनर्ताजगी तालिम संचालन गर्ने कार्यक्रम समावेस गरेको छु। नगर भित्रका उत्कृष्ठ शिक्षकलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिएको छु। शिक्षकलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सम्वन्धी तालिम तथा पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम संचालन गर्ने कार्यक्रम समावेश गरेको छु यसको लागि रु १७ लाख वजेट विनियोजन गरेको छु।

१५. वालविकास सहजकर्ता, सामुदायिक परिचालिका तथा विद्यालयका कर्मचारीहरुको न्युनतम पारिश्रमिकको लागि रु ६२ लाख ७९ हजार वजेट विनियोजन गरेको छु।

१६. **स्वास्थ्यका लागि खेलकूद राष्ट्रका लागि खेलकूद** अभियानलाई सार्थक बनाउन नगरस्तरीय खेलकूद समितिद्वारा नगर भित्र संचालन हुने सबै किसिमका खेलहरुलाई एकद्वार प्रणालीवाट

सन्चालन गरिदै आएको छ। नगर भित्रका युवाहरुलाई खेलमा प्रोत्साहन गर्न मेयरकप संचालन तथा बिद्यालयका विद्यार्थीहरु सहभागी हुने गरी संचालन गरिने नगरस्तरीय खेल सप्ताहलाई रु २० लाख विनियोजन गरेको छु।

१७. **स्वस्थ नागरिक, स्वस्थ नगर** भन्ने नीतिलाई अंगिकार गरी सैनामैना १० फुलवारीमा खुला व्यायमशाला निर्माणका लागि १५ लाख विनियोजन गरेको छु।

१८. मुर्गियामा राष्ट्रिय स्तरको फुटवल रंगशाला निर्माण गर्न रु. २ करोड ६ लाख ९८ हजार विनियोजन गरेको छु।

संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट समेत गरी शिक्षा तथा खेलकूद तर्फ कूल रु २४ करोड ४२ लाख ९६ हजार विनियोजन गरेको छु।

<u>महिला तथा बालबालिका तर्फ</u>

१९. महिलाहरुको मूलप्रवाहीकरण, समावेशीकरण तथा सशक्तीकरणका लागि कानूनी अधिकार तथा क्षमता विकास, समुह समितिका सदस्यलाई संस्थागत र नेतृत्व तथा उद्घोषण तालिमका लागि रु ६ लाख विनियोजन गरेको छु।

२०. ज्येष्ठ नागरिक सम्मानका लागि रु ६ लाख, अपाङ्ग शसक्तिकरणका लागि रु १२ लाख, बाल अधिकार सम्बर्धनका लागि रु १० लाख विनियोजन गरेको छु।

२१. बालवालिकाको सामाजिक, वौद्धिक, संवेगात्मक र नैतिक विकासका लागि नगर प्रमुखसँग बालबालिका कार्यक्रमको लागि रु १० लाख विनियोजन गरेको छु।

२२. ज्येष्ठ नागरिक, अपाङ्गता, लैङ्गिक हिँस्सा निवारणका लागि १६ दिने अभियान, अन्तर्राष्ट्रिय महिला दिवस, राष्ट्रिय महिला अधिकार दिवस जस्ता दिवसहरूका लागि रू ६ लाख विनियोजन गरेको छु।

२३. महिलाहरुको सशक्तीकरण, सीप विकास तथा महिला उद्यमशिलताका लागि महिलासंग उप प्रमुख कार्यक्रमका लागि रु २५ लाख विनियोजन गरेको छु।

२४. समाजमा विकृतिको रुपमा फैलिरहेको लागु पदार्थ दुर्व्यसनी नियन्त्रणको लागि आवश्यक कार्यक्रमहरु सन्चालन गरिनुको साथै लागु पदार्थ, लागु औषध, मदिरा उत्पादन, वितरण र उपभोगमा कानून वमोजिम कडा नियन्त्रण गर्न बजेटको व्यवस्था मिलाएको छु।

महिला बालबालिका, युवा, अपाङ्ग, ज्येष्ठ नागरिक जस्ता लक्षित कार्यक्रमको लागि जम्मा रु ७५ लाख विनियोजन गरेको छु।

खानेपानी तथा सरसफाई

२५. अल्पकालिन रुपमा सन्चालन हुँदै आएको फोहारमैलाको दीर्घकालिन व्यवस्थापनको लागि सैनामैना नगरपालिका वडा नं. १० स्थित एकला पहाडमा सैनामैना नगरपालिका, बुटवल उपमहानगरपालिका र कञ्चन गाउँपालिकाको सहकार्यमा अन्तर स्थानीय तह संयुक्त फोहारमैला प्रशोधन केन्द्र निर्माण गर्न संघीय सरकारबाट जग्गा भोगाधिकार लिई निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि वढाउनका लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु।

२६. नगरस्तरीय सरसफाई कार्यक्रम सन्चालन गर्न र अल्पकालिन फोहोरमैला व्यवस्थापनको निरन्तरता तथा फोहरमैला व्यवस्थापन कोषको लागि रु ५५ लाख विनियोजन गरेको छु।

२७. खानेपानी विस्तार तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत सैनामैना १० सालझण्डी वजार खानेपानी योजना, सैनामैना १ र २ खानेपानी आयोजनाको लागि रु.४१ लाख विनियोजन गरेको छु।

२८. टोल बिकास संस्थाहरुले पुर्याउदै आएको योगदानको उच्च मुल्याङ्कन गर्दै टोल बिकास संस्थालाई दिदै आएको अनुदानमा बृद्धि गरी रु २३ लाख ४० हजार विनियोजन गरेको छु।

समग्र खानेपानी तथा सरसफाई तर्फ जम्मा रु.२ करोड ६९ लाख ४० हजार विनियोजन गरेको छु।

आर्थिक बिकास

कृषि बिकास तर्फ

२९. ५० प्रतिशत अनुदानमा कन्ये च्याउ, धान, गहुँ, मकै, दलहन, तेलहन र मसला वालीको विउँ खरिदको लागि रु. २७ लाख विनियोजन गरेको छु।

३०. ५० प्रतिशत अनुदानमा फलफूलको विरुवा, किटनाशक र ढुशीनासक विषादी खरिद, प्लान्ट क्लिनिक संचालन, आलु तथा मसला वाली भण्डारण, ढुवानी, कृषक पाठसाला संचालन, पाठशाला अनुसरण कार्यक्रम, कृषि मेला प्रदर्शनी, तरकारी सिड किट वितरण, प्लास्टिक मल्च खेतिका लागि प्लास्टिक रोल वितरण, माटो परीक्षण कार्यक्रम तथा माटो सुधारको लागि मुङ्ग र ढैचाको विउ निःशुल्क वितरण समेतको लागि रु. ३१ लाख विनियोजन गरेको छु।

३१. कृषि यन्त्र उपकरण वितरण, साना सिंचाई र माहुरी पालनमा दिईएको ५० प्रतिशत अनुदानलाई वृद्धि गरी ७५ प्रतिशत पुर्याएको छु। यसका लागि २७ लाख विनियोजन गरेको छु।

३२. **मागमा आधारित कार्यक्रम** अन्तर्गत व्यावसायिक रुपमा खाद्यान्न वाली, तरकारी, मसला वाली, दलहन, तेलहन वाली, च्याउ खेति, फलफूलको खेतिको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

३३. मकै पकेट कार्यक्रम, वेमौसमी तरकारी खेति, कम्पोस्ट मल सम्वन्धि तालिम, विभिन्न वाली सम्वन्धी स्थलगत तालिम, भर्मि कम्पोस्ट (गड्यौला मल उत्पादन), व्यवसायिक फूल खेती, कृषक प्रोत्साहन कार्यक्रम समेतको लागि रु.१६ लाख ५० हजार विनियोजन गरेको छु।

३४. UNDP संगको सहकार्यमा कोभिड प्रभावितहरुको पूनर्उत्थानका लागि कृषि र पशु क्षेत्रमा आबद्ध गराई उत्पादन बृद्धि र रोजगार सृजना गर्न रु. ७० लाख र मुर्गिया चिस्यान केन्द्र निर्माण गर्न रु. ७५ लाख विनियोजन गरेको छु।

कृषि बिकास क्षेत्र तर्फ रु. २ करोड ६१ लाख ९२ हजार विनियोजन गरेको छु।

पशु बिकास तर्फ

३५. पशु आहारा बिकास कार्यक्रम अन्तरगत हिउदे, बर्षे, वहुवर्षे र डाले घाँसको लागि रु. १६ लाख ६० हजार विनियोजन गरेको छु।

३६. पशु स्वास्थ्य सेवा कार्यक्रम अन्तरगत औषधि खरिद, पशुपन्छी सम्बन्धि खोप कार्यक्रमको लागि रु.२३ लाख विनियोजन गरेको छु।

३७. युवालक्षित लागत साझेदारी कार्यक्रम अन्तरगत गाई भैसी गोठ निर्माण तथा मर्मत, वाखा खोर निर्माण तथा मर्मत, मत्स्य स्रोतकेन्द्र निर्माणका लागि रु. १४ लाख विनियोजन गरेको छु।

३८. पशुपंछी तालिम र वाँझोपन निवारण घुम्ती शिविर सन्चालनका लागि रु. ५ लाख ५० हजार विनियोजन गरेको छु।

३९. मत्स्य तथा पशुपन्छी व्यवसायिक कृषकलाई यन्त्र उपकरणमा दिईदै आएको ५० प्रतिशत अनुदानलाई बृद्धि गरी ७५ प्रतिशत पुर्याएको छु जसका लागि रु.१४ लाख ४० हजार विनियोजन गरेको छु।

४०. दूध उत्पादन तथा खसी वोकाको मासु उत्पादमा आधारित अनुदान कार्यक्रमको लागि रु. ६१ लाख विनियोजन गरेको छु।

४१. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, नक्षसुधार, एक नगर एक भेटेरीनरी डाक्टर, बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रम, भैसी प्रवर्द्धन, गरिब बिपन्न परिवारमा पोषण सुधारका लागि कुखुरा चल्ला वितरण कार्यक्रम तथा कृषक, सहकारी र उद्योग पुरस्कृत कार्यक्रम सहितका कार्यक्रमको लागि रु. ५३ लाख ९२ हजार विनियोजन गरेको छु।

४२. सैनामैना क्षेत्र भित्र छाडा पशु चौपायाले विभिन्न वालीहरु नष्ट गर्दै आएको र उचित व्यवस्थापनको लागि कुञ्जी हाउस नभएकोले छाडा चौपाया नियन्त्रणको लागि सामाजिक संघ संस्था सँगको सहकार्यमा व्यवस्थापन गर्न नगरपालिकाबाट लागत साझेदारीको व्यवस्था मिलाएको छु।

समग्र पशु बिकासको लागि रु १ करोड ९५ लाख ४२ हजार विनियोजन गरेको छु।

पर्यटन बिकास तर्फ

४३. नगरपालिकाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक विकासको लागि ऐतिहासिक भड्छा महोत्सव, औद्योगिक व्यापार मेला लगाएत विभिन्न महोत्सव, मेला जात्राको लागि रु २० लाख विनियोजन गरेको छु।

४४. संघीय सरकार र नगरपालिकाको सहकार्यमा पर्रोहा पर्मेश्वर वोलवमधाम मन्दिर निर्माण कार्य सम्पन्न गरी पर्यटकिय धार्मिकस्थलको रुपमा विकास गर्न रु ५ करोड २० लाख विनियोजन गरेको छु।

४५. सैनामैना नगरपालिकाको गहनाको रुपमा रहेको सैनामैना खुला संग्राहालय निर्माण तथा व्वस्थापन गरी बुद्धकालीन भग्नावशेषहरुको संरक्षण र सग्रह गर्न नेपाल सरकार तथा प्रदेश सरकार सँग बजेटको लागि आवश्यक पहल गरिने छ।

४६. सस्कृति पर्यटन कार्यक्रम अन्तर्गत सैनामैना ७ हरियाली टोलमा रहेको शिव मन्दिर निर्माण तथा जिर्णोद्वार गर्न रु ८ लाख विनियोजन गरेको छु।

समग्र रुपमा पर्यटन विकास तर्फ रु ५ करोड ४८ लाख विनियोजन गरेको छु।

सहकारी तथा उद्यम विकास तर्फ

४७. सहकारी संघ सस्थाहरुको क्षमता विकास, कानून तथा सहकारी दिग्दर्शन र सहकारीलाई कोपोमिसमा आवद्ध गर्न तालिमको व्यवस्था, सहकारीको आर्थिक पारदर्शिताको लागि नियमित तथा सघन अनुगमन र सहकारी बिच अनुभव आदान प्रदानका लागि चौमासिक रुपमा समिक्षा तथा अन्तरक्रिया जस्ता कार्य गर्ने व्यवस्था मिलाएको छु। उपभोक्ताहरुको हितलाई

मध्यनजर गरी नियमित रुपमा बजार अनुगमनको प्रवन्ध मिलाएको छु। सहकारी विकास र बजार अनुगमनका लागि रु १० लाख विनियोजन गरेको छु।

४८. अति गरिव परिवारहरुको लागि लघु उद्यम विकास कार्यक्रम मेडपा अन्तर्गत लघु उद्यमी श्रृजना गरी रोजगार गराउनका लागि रु ३४ लाख २० हजार विनियोजन गरेको छु।

पूर्वाधार बिकास

४९. नगर भित्र रहेका पार्क, उद्यान लगायतका हरित क्षेत्रलाई व्यवस्थित, सफा र सुन्दर बनाउने कार्यका लागि रु १० लाख विनियोजन गरेको छु।

५०. सार्वजनिक निजी साझेदारीमा निर्माण तथा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई सुचीकरण गर्न खोज अनुसन्धान गरी बजेटको लागि संघ, प्रदेश र नगरपालिकाको सहलगानीमा सुचारु गरिनुका साथै नगर भित्र बग्ने नदी खोलाहरुको नदीजन्य पदार्थ उत्खनन पूर्व गर्नुपर्ने वातावरण अध्ययनका लागि रु १५ लाख विनियोजन गरेको छु।

५१. नगर भित्र निर्माण हुने क र ख बर्गका भवन र १५ धुर माथि क्षेत्रफलमा बन्ने सबै बर्गका भवनहरुमा बर्षादको पानी सोझै ढल वा नालीमा नमिसाई पुनर्भरणका निम्ति सोक पिट वा रेन वाटर हार्भेष्टिङ्ग (Rain Water Harvesting) को प्रविधि अपनाई जमिन मुनि पठाउने व्यवस्था मिलाईने छ।

५२. शहरी सौन्दर्य र हराभरा नगर बनाउन एक घर दुई विरुवाको अवधारणा लाई निरन्तरता दिदै भवन निर्माण गर्ने यस नगरमा रहेका डकर्मीहरुलाई आवश्यक तालिम, घर नक्शा पास प्रणालीलाई सुधार गरी पारदर्शी, वैज्ञानिक र आधुनिक कार्यका लागि इलेक्ट्रोनिक विल्डिङ्ग प्रमिट सिस्टम (Electronic Building permit System -EBPS) प्रणाली मार्फत नक्सा पास सेवा प्रवाह र पुराना नक्शाको डिजिटाईजेसन (DIGITIZATION) को कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु। यी सबै कार्यका लगि रु ११ लाख विनियोजन गरेको छु।

५३. आयोजनाहरुमा गरिने निर्माण कार्यको गुणस्तरीयता परीक्षण गर्न प्रयोगशाला स्थापनाका लागि रु १० लाख विनियोजन गरेको छु।

५४. संघ, प्रदेश र नगरपालिकाको सहलगानीमा ठूला तथा महत्वपूर्ण आयोजनाहरुमा बजेटको सुनिश्चित गरी निर्माण कार्यलाई निरन्तरता दिन रु ४ करोड ५० लाख विनियोजन गरेको छु।

५५. नगरभित्र रहेका दाहसंस्कार घाटहरुको उचित व्यवस्थापन, स्तरउन्नती तथा मर्मत र संरक्षण गर्न वडा नं १ स्थित कर्साघाट र वडा नं ७ स्थित दुई मुहाने संस्कार घाटका लागि रु २५ लाख विनियोजन गरेको छु।

५६. खुला संग्रालयको रुपमा रहेको सैनामैना क्षेत्र भित्र पर्ने सार्वजनिक जग्गा संरक्षण एवं सो क्षेत्रको प्रवर्धन गर्न रु १० लाख विनियोजन गरेको छु।

५७. सदियौ देखि बसोवास गर्दै आएका अति इमान्दार र सरल स्वभावका धनि आदिवासी थारु समुदायहरुको विधमान आधारभूत आवश्यकता मध्ये सडक र ढल निकास लगायतका समस्याहरु हालसम्म यथावत रही सोबाट उपेक्षित एवं वञ्चित रही संवन्धित निकायमा समेत आवाज पुग्न नसकेका थारु समुदायको पहिचान, संस्कृति र संस्कारलाई समेत असर नपर्ने गरि थारु जातीको बाहुल्यता रहेको वडा नं. १ को पर्रोहा गाउँ, वडा नं. ५ पोखरभिडवा गाउँ र वडा नं. ११ को ताली र बिचौवापुर गाउँमा रहेका सडकहरुको दायाँवायाँ वृक्षारोपण सहित ढल निकास, कालोपत्रेको सट्टा टायल विछयाउने, र वातावरण सन्तुलन कायम गर्ने कार्यमा समेत टेवा पुग्ने भएकोले विकासको प्रतिफलबाट अत्यन्त पछाडि परेको उक्त समुदायलाई स्थानीय सरकारको प्रत्यक्ष अनुभूति दिलाउन पहिलो चरणमा वातावरण मैत्री उज्यालो नमूना गाउँ वनाउन रु. १ करोड विनियोजन गरेको छु।

५८. वडा नं ३ मा अवस्थित लामीरह वहुउद्देश्यीय वाँध, गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला, सेनामैना चक्रपथ र चक्रपथमा पर्ने पुल, विभिन्न सिचाई आयोजना, दुई वा दुई भन्दा वढि पालिका जोड्ने ठुला रणनैतिक सडक र पुल, पानबारी हाटबजार, वडा नं. १ मा प्रदेशस्तरको ज्येष्ठ नागरिक ग्राम र वडा नं. ९ मा यात्रु प्रतिक्षालय सहितको रिफ्रेस सेन्टर, वडा नं ११ मा ट्रमा सेन्टर र विभिन्न नदिहरुको नदि नियन्त्रण कार्यक्रमका लागि संघीय सरकार र प्रदेश सरकारको सहयोगमा वहुवर्षिय ठेक्का व्यवस्थापन गरी निर्माण गर्ने व्यवस्था मिलाएको छु ।

५९. संघ, प्रदेश र नगरपालिको सझेदारीमा निर्माणाधिन औधोगिक ग्राम, मुर्गियास्थित राष्ट्रिय फुटवल रङ्गशाला, वोलवम पार्क पूर्वाधार विकास, वडा नं. ९ र १० को वडा कार्यालय निर्माण जस्ता वहुवर्षिय योजनाहरुको निर्माण कार्यलाई सम्पन्न गर्न रु **१० करोड ५३ लाख विनियोजन गरेको छु।**

६०. हाल सम्म फुस, खपडा, टायलको चुहीने छानो मुनी बस्दै गरेका नगरभित्र रहेका अति गरिब तथा विपन्न परिवारलाई विपदबाट बचाउन र फुसको छानो मुक्त गराउनको लागि सुरक्षित नागरिक आवास तर्फ रु १ करोड २५ लाख विनियोजन गरेको छु।

६१. एसियाली विकास वैंकको सहयोगमा सैनामैना चक्रपथको सालझण्डी खण्ड सहित ११ वटा नगरका रणनैतिक सडक, राजापानी र पानवारी सिमसार क्षेत्र, मलमला क्षेत्र एकिकृत विकास आयोजना, फोहरमैला व्यवस्थापन केन्द्र, मुर्गिया स्थित दुर्गा मन्दिर शैलपुत्री पार्क जस्ता रणनैतिक महत्वका योजनाहरु कार्यन्वयन गर्ने व्यवस्था मिलाएको छु।

६२. नगरपालिकाको प्रशासनिक भवन परिसरको अधुरो निर्माण कार्यलाई सम्पन्न गर्न ९० लाख विनियोजन गरेको छु।

६३. विकेन्द्रिकरणको सिद्धान्त अनुरुप वडावासीलाई सम्वोधन हुने गरी वडामा दिईने पूजिगत अनुदानलाई वृद्धि गरी रु. ९ करोड विनियोजन गरेको छु।

समग्र पूर्वाधार विकास क्षेत्र तर्फ रु ३६ करोड ३ लाख विनियोजन गरेको छु।

वन, वातावरण तथा विपद् व्यवस्थापन

६४. विपद् न्यूनिकरणको लागि पूर्व तयारीमा जुटौ भन्ने अभियानलाई साकार पार्न विपद् व्यवस्थापन समितिलाई अझैं प्रभावकारी बनाउदै विपद् प्रतिकार्यका लागि नेपाली सेना, नेपाल प्रहरी, टोल विकास संस्था, स्थानीय क्लव र रेडक्रस, स्काउट सँगको समन्वय र सहकार्यमा विपद् न्यूनिकरण एवं व्यवस्थापनको प्रक्रियालाई प्रभावकारी बनाउने व्यवस्था मिलाएको छु। बढ्दो विपद्जन्य जोखिम न्यूनीकरणका लागि विद्यालयका शिक्षक र विद्यार्थीलाई भवन मापदण्ड तथा सडक सुरक्षा उपायहरु सहित ट्राफिक शिक्षा अभिमुखिकरणको व्यवस्था मिलाई विपद् उत्थानशील समाज निर्माण गर्न विपद व्यवस्थापन कोषमा रु ५० लाख विनियोजन गरेको छु।

६५. सैनामैना नगरपालिका, कञ्चन गाउँपालिका, गैडहवा गाउँपालिका र सुद्धोधन गाउँपालिकाको संयुक्त प्रयास र सहकार्यमा अन्तर स्थानीय तह विपद् व्यवस्थापन तथा वारुणयन्त्र सञ्चालन समिति गठन गरी वारुणयन्त्र सञ्चालनमा ल्याइएको छ। अन्तर स्थानीय तह विपद् व्यवस्थापन केन्द्रको सवलिकरण र विस्तार गरिनेछ। जलवायु अनुकूलन, बैकल्पिक उर्जा तथा विपद् प्रतिकार्ययोजनाले अँगालेका विषयहरुलाई प्राथमिकता दिई कार्यान्वयनमा ल्याइनेछ।

६६. जलवायु अनुकूलित विकासका कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्धन गर्ने व्यवस्था मिलाएको छु। साथै राष्ट्रिय राजनीतिमा अमूल्य योगदान पुऱ्याउने व्यक्तित्वहरुको स्मृति दिवसको अवसरमा नगरपालिका र सामुदायिक वनको सहकार्यमा सघन वृक्षारोपण कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। नगरपालिकाबाट खरिद गरिने

सवारी साधानहरु वातावरण मैत्री बनाउदै विद्युतिय सवारी साधन खरिद गर्ने कार्यलाई रु १५ लाख विनियोजन गरेको छु।

६७. यस नगरपालिकाको वडा नं. १ को परोंहा गाउँ, वडा नं. ५ पोखरभिडवा गाउँ र वडा नं. ११ को ताली र बिचौवापुर गाउँका साथै नगर भित्रका मुख्य सडकहरु मुर्गिया-लुम्बिनी सडक, कलौनी- लुम्बिनी सडक, सैनामैना चक्रपथ, सैनामैना मेजर सडक, सालझण्डी- ढोरपाटन सडक जस्ता ठूला सडकहरुमा नेपाल विधुत प्राधिकरणको साझेदारीमा स्मार्ट सडक वत्ति जडान गर्ने र वातावरणीय रुपमा सुन्दरताका निम्ति ग्रीनबेल्ट निर्माण गर्न सुगन्धित सदाबहार फुल्ने विरुवा र फलफुलका विरुवा रोप्ने कार्यको लागि रु ४० लाख विनियोजन गरेको छु।

६८. सैनामैना ४ लेडुवा सिमसार क्षेत्र आसपास सामुहिक माछापालन गरी पर्यटकीय एवं पर्यावरणीय प्रवर्धन गर्दै स्थानीयको आयस्रोत वृद्धि गर्न र विस्तारै घट्दै गएको भूमिगत पानीको सतह पुनर्भरण गरी माथि ल्याउन तथा पर्यावरण संरक्षण गर्नुका साथै ऐतिहासिक महत्वका पोखरीको समेत विस्तार गरी पर्यटकीय प्रवर्धन गर्न वडा नं ४ रन्यौरा स्थित पोखरी र वडा नं ३ को वडा कार्यालय परिसरमा रहेको पोखरी संरक्षण तथा व्यवस्थापन समेतको लागि रु.२३ लाख विनियोजन गरेको छु।

६९. समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत चुरे क्षेत्रको संरक्षण तथा संवर्धन गर्न नगरपालिका, सामुदायिक वन र तराई मधेश राष्ट्रपति चुरे संरक्षण विकास समितिको सहकार्यमा चुरे पहाडको फेदमा तारजाली गर्ने र भिरालो जमिनमा बाँस, निगालो, अम्रिसो, केतुकी लगायतका बिरूवा रोप्ने कार्यका साथै सुरक्षित वस्तीका लागि हरित नदी क्षेत्र विकास गर्न नदीको छेउ तथा उकास भएको जमिनमा वायो ईन्जिनियरिङ्ग (Bio Engineering) प्रविधि अपनाई वृक्षारोपण गर्न संघ र प्रदेशको साझेदारीमा कार्य सम्पन्न गर्न रु ४५ लाख विनियोजन गरेको छु।

वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा एकमुष्ठ रु १ करोड ७३ लाख विनियोजन गरेको छु।

सुशासन तथा सेवा प्रवाह

७०. आ.व. ०७९/०८० देखि नगरपालिकाबाट गरिने खर्चका भुक्तानीहरु अनलाईन प्रणाली (E-Payment) मार्फत गर्ने व्यवस्था गरिएको र नगरपालिका अन्तरगतका वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा सेवा प्रवाहलाई सहज वनाउनका लागि फ्री-वाईफाई, नगरपालिकाको कार्यालयमा डिजिटल नागरिक वडापत्र र कर प्रणालीलाई सहज, सुलभ, पारदर्शी, छिटो छरितो, चुस्त दुरुस्त र प्रभावकारी वनाउने व्यवस्थाका लागि जम्मा रु.१६ लाख विनियोजन गरेको छु।

७१. सेवाप्रवाहलाई प्रक्रियामूखी नभई परिणाममूखी बनाउन, नगरपालिकाको खर्च प्रणालीलाई सरलिकृत गर्न र जनतालाई सरल विधिबाट समयमै सेवा प्रदान गर्ने गरी नगरपालिकाका शाखाहरुको स्पष्ट कार्यविवरण बनाई लागु गर्ने व्यवस्था मिलाएको छु।

७२. नगरपालिकाको हरेक क्षेत्रको विकासका लागि चाहिने स्थानीय सरकार व्यवस्थापन सूचना प्रणालि (LGMIS) सफ्टवेयर जडान गर्ने र गुगल बेस्ड डिजिटल हाउस नम्बरीङ् कार्यको लागि रु ४० लाख विनियोजन गरेको छु।

७३. जनतासंग जनप्रतिनिधि, हाम्रो सैनामैना राम्रो सैनामैना जस्ता रेडियो तथा टेलिभिजन कार्यक्रम, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा सार्वजनिक परिक्षण जस्ता कार्यक्रमलाई निरन्तरता दिई पारदर्शिता र जवाफदेहीता कायम गर्न रु १५ लाख विनियोजन गरेको छु।

७४. नगरपालिकाबाट संचालित विभिन्न कार्यक्रम तथा खर्च शिर्षकहरुमा हुने फजुल खर्च घटाइ मितव्ययिता कायम गर्न खर्चको मापदण्डलाई परिमार्जन गरी लागु गर्ने र वित्तय जोखिम न्यूनिकरण लाई अवलम्बन गर्नको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

७५. न्यायिक समितिमा दर्ता भएका निवेदनहरुको न्यायिक समिति मार्फत सूचिकृत मेलमिलाप सहजकर्ताद्वारा दुबै पक्षलाई मेलमिलापको माध्यमबाट सिघ्रताका साथ न्याय निरुपण गरी दुबै पक्षलाई जितको प्रत्याभूती हुने गरी समयमै विवादको छिनोफानो गर्ने गरी न्यायिक समितिका पदाधिकारी, सूचिकृत मेलमिलाप सहजकर्ता र कर्मचारीहरुलाई समयानुकूल पुनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरी सक्षम एवं सवलीकरण गराउन रु १५ लाख विनियोजन गरेको छु।

७६. हाल सामाजिक सुरक्षा कोषमा आवद्ध भएका कर्मचारीहरुलाई निरन्तरता दिन रु ४८ लाख ५० हजार विनियोजन गरेको छु।

७७. कर्मचारीहरुलाई आफ्नो काम प्रति जिम्मेवारी र उत्तरदायी बनाउदै उत्प्रेरीत गर्न संघीय सरकारले वृद्धि गरेको १५ प्रतिशत तलब बृद्धि र कर्मचारीलाई दिदै आएको महंगी भत्तालाई निरन्तरता दिएको छु र हाल सम्म नगरपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीलाई प्रदान गर्दै आएको प्रोत्साहन भत्तालाई पुनरावलोकन गरी वस्तुनिष्ठ र कार्य सम्पादन सूचकमा आधारित बनाउने गरी आवश्यक बजेट विनियोजन गरेको छु।

७८. नगरपालिकाको सङ्गठन संरचना पुनरावलोकन गरी जनशक्ति पूर्ति गर्ने कार्यलाई प्राथमिकता दिएको छु। नगरपालिकाको स्वीकृत दरबन्दीमा करारमा पूर्ति गर्ने बाहेकका सबै पदमा स्थायी पदपूर्ति गर्ने र सेवा प्रवाहलाई विकेन्द्रित गरी छिटो, छरितो, चुस्त, दुरुस्त र पारदर्शिता अवलम्बन गर्ने व्यवस्था गरेको छु।

७९. नव निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरु बैंकका कर्माचारीहरुलाई सामाजिक सुरक्षा तथा पंन्जिकरण सम्वन्धी तालिम प्रदान गर्न, ८० वर्ष माथिका जेष्ठ नागरिक र पूर्ण अपाङ्गता तथा असक्त भएका लाभग्राहीहरुलाई बैंकमार्फत घरमै सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाउन, घटना दर्ता अभियान संचालन गर्न र राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागसंग समन्वय गरी छुट डिजिटाइजेसनलाई पूर्णता दिन र सेवा प्रवाहलाई सहज र सुलभ गराउन संघीय सरकार मार्फत रु १९ लाख र नगरपालिकाबाट रु.१० लाख गरी जम्मा रु. २९ लाख विनियोजन गरेको छु।

८०. ६८ वर्ष माथिका ज्येष्ठनागरिक, दलित ज्येष्ठनागरिक, एकल महिला विधवा महिला, अपाङ्ग, लोपोन्मुख आदिवासी जनजाति र दलित वालवालिकाले पाउने सामाजिक सुरक्षा भत्ताको लागि संघीय सरकार मार्फत रु. २५ करोड विनियोजन गरेको छु।

८१. नगरपालिकाले हालको संवैधानिक तथा कानूनी व्यवस्था अनुसार राजश्व संकलनको दरहरु कायम भइसकेको र थप दायरा निर्धारण गरि त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिएकोले आगामी वर्षहरुमा राजश्व प्रक्षेपण गर्नुभन्दा पहिले सरोकारवालाहरुसँग प्रयास छलफल तथा परामर्श गरी नगरवासीको आर्थिक जीवनमा प्रत्यक्ष असर नपर्ने व्यवस्था मिलाई करको दर वृद्धि नगरी दायरा फराकिलो वनाई करदाताले तिर्नुपर्ने कर रकम सम्वन्धी जानकारी उपलव्ध गराउन कर शिक्षा सम्वन्धी सचेतना कार्यक्रम संचालन एवं राजश्व सुधार कार्ययोजनाको लागि रु १० लाख विनियोजन गरेको छु।

८२. नगरपालिकामा सूचिकरण भई नगर क्षेत्रभित्र चल्ने अटोरिक्सा र ई-रिक्साहरुलाई विगतमा लकडाउनका कारण वार्षिक लाग्ने कर छुट नपाएको कारणले नविकरण र वार्षिक कर नआएकोले करको दायरामा ल्याउन आ.व. २०७६।०७७ र २०७७।०७८ को वार्षिक करमा ५० प्रतिशत छुटदिने व्यवस्था मिलाएको छु।

८३. नगरपालिकाको मातहतमा रहेको वडा नं. ३ मा लाग्ने मुर्गिया सोमवार, बिहीवार र वडा नं. ८ शान्ती टोलमा लाग्ने शुक्रवार साप्ताहिक हाटवजारको हकमा प्राकृतिक विपद् र महामारी आएको खण्डमा साप्ताहिक हाटवजार सञ्चालन हुन नसकेको अवधि भरको ठेक्का रकममा दामासाहीका हिसावले आउने रकम छुट दिने व्यवस्था मिलाएको छु।

८४. फुस तथा छाप्रोको घरमा जीवन निर्वाह गरी गुजारा गर्ने घरपरिवारहरुलाई सम्पत्तिकर तथा भुमिकर, बहाल विटौरी र पूर्वाधार विकास शुल्कमा सत प्रतिशत छुटदिने व्यवस्था मिलाएको छु।

८५. सटर बाहेक र साप्ताहिक हाटबजारमा जुत्ता, चप्पल, छाता सिलाउने, मर्मत गर्ने, बुट पोलिस लगाउँने र मकै पोलेर दैनिक जीवन निर्वाह गर्ने पेशा व्यवसायीहरुलाई व्यवसायकर र वैठकी शुल्कमा सत प्रतिशत छुटदिने व्यवस्था मिलाएको छु।

८६. आ.व ०७९/०८० को पहिलो चौमासिक भित्र व्यवसाय कर, वहाल कर, सम्पत्ति कर, मालपोत तथा भूमिकर, बहाल विटौरी र पूर्वाधार विकास शुल्क एक मुस्ट बुझाएमा १० प्रतिशत छुटदिने व्यवस्था मिलाएको छु।

सभाध्यक्ष महोदय, **नगरसभाका सदस्यज्यू एवम् उपस्थित महानुभावहरु,**

आगामी आ.व. का लागि कुल रु १ अर्ब २१ करोड ८२ लाख २४ हजार बजेट विनियोजन गरेको छु।

उपरोक्त बमोजिमको विनियोजनमा चालु तर्फ रु ७४ करोड २९ लाख २६ हजार (जसमा शिक्षक, विद्यालय कर्माचारीको तलब तथा कार्यालय सञ्चालन खर्च, स्वास्थ्यकर्मीको तलब भत्ता, सामाजिक सुरक्षा र नगरपालिका तर्फको प्रशासनीक खर्च, जनप्रतिनिधिहरुको सुविधा, कर्मचारी तलब भत्ता, भूमिहिन दलित तथा अव्यवस्थित जग्गाको नाप जाँच खर्च र विषयगत शाखा शिक्षा, स्वास्थ्य, कृषि तथा पशु विकास शाखा, महिला बालबालिका शाखा, समेतको खर्चलाई समावेश गरिएको छ।) र पूजिगत तर्फ रु ४७ करोड ५२ लाख ९८ हजार व्यय अनुमान गरेको छु।

नगरसभाका सदस्यज्यू एवम् उपस्थित महानुभावहरु,

अव म उपरोक्त विनियोजनका लागि खर्च व्यहोर्ने स्रोतहरुको वारेमा जानकारी गराउन चाहान्छु। जुन स्रोत जुटाउन आन्तरीक स्रोत तर्फ रु १३ करोड ६८ लाख, नेपाल सरकार तर्फ सशर्त अनुदान रु ३७ करोड ३३ लाख, वित्तिय समानीकरण अनुदान रु १३ करोड ७९ लाख, समपुरक अनुदान रु १ करोड, विशेष अनुदान रु १ करोड ५० लाख, राजश्व बाँडफाँड रु १३ करोड २ लाख ७१ हजार, सामाजिक सुरक्षा भत्ता रु २५ करोड र अन्य अनुदान रु ५३ लाख। प्रदेश सरकार तर्फ वित्तीय समानीकरण अनुदान रु ७५ लाख ४३ हजार, राजश्व बाँडफाँड रु १ करोड ९४ लाख ४१ हजार ७ सय ७४, सशर्त अनुदान रु १ करोड ३० लाख, विशेष अनुदान रु ७० लाख र मालपोत रजिस्ट्रेशन शुल्क रु २ करोड ५० लाख, समपुरक अनुदान रु १ करोड ९९ लाख ९८ हजार र बचत न्युन रु ६ करोड ७६ लाख ७० हजार २ सय २६ गरी जम्मा रु १ अर्ब २१ करोड ८२ लाख २४ हजारको कुल आय अनुमान प्रस्तुत गरेको छु।

उपरोक्त वमोजिमका आम्दानी र खर्चका शिर्षकगत विवरणहरु अनुसूचीमा उल्लेख गरिएका छन्।

"सैनामैना समृद्धिको आधारः उत्पादन, पर्यटन र पूर्वाधार" भन्ने नारालाई साकार पार्नका लागि प्रस्तुत बजेटले आ.व. ०७९/८० को नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका लक्षहरुलाई आधारको रुपमा लिएको छ। यो बजेट कार्यन्वयनका लागि जनप्रतिनिधि, नगरपालिकामा क्रियाशील राजनीतिक दल, पूर्व जनप्रतिनिधिहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, पत्रकार जगत, नागरीक समाज लगायत सम्पूर्ण सैनामैनावासी आमा-बुवा, दाजुभाई, दिदी-बहिनीहरुमा आवश्यक सहयोग एवं सहकार्यको अपेक्षा गरेको छु।

अन्त्यमा देश भित्र र बाहिर रहनुहुने सम्पूर्ण सैनामैना नगरवासीहरुबाट नगर बिकासमा नगरपालिकासँग हातेमालो गर्दै योगदान गर्नुहुनेछ भन्ने अपेक्षा सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद

विना राना
नगर उप-प्रमुख

सैनामैना नगरपालिकाको विनियोजन ऐन, २०७९

सैनामैना नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०७९

<u>प्रस्तावना:</u>

सैनामैना नगरपालिका, रुपन्देहीको आर्थिक वर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२९ को उप-धारा (२) बमोजिम सैनामैना नगरपालिका, रुपन्देहीको नगरसभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम " सैनामैना नगरपालिकाको विनियोजन विधेयक २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>आर्थिक वर्ष २०७९/०८० को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः</u> (१) आर्थिक वर्ष २०७९/०८० को लागि नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लेख चालु खर्च, पुजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत जम्मा रकम रु. १२१८२२४०००।- (अक्षरुपी एक अर्ब एक्काईस करोड वयासी लाख चौविस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. <u>विनियोजनः</u> (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०७९/२०८० को लागि सैनामैना नगरपालिकाको नगर कार्यापालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा वढि शिर्षकमा अर्को एक वा एक

भन्दा बढि शिर्षकमा रकम सार्नतथा निकासार खर्च जनाउन सकिनेछ। पुजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तरगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पुजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिन्छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न परेमा सभाको स्वीकृत लिनु पर्नेछ।

अनुसूची-१

(दफा २ संग सम्वन्धित)

संञ्चित कोषबाट विनियोजन हुने रकम

क्र. सं.	अनुदान संख्या	शिर्षकको नाम	चालु खर्च	पुजीगत खर्च	वित्तिय व्यवस्था	जम्मा
१		नगर कार्यपालिका	१५५९२६०००	९६१०००००		२५२०२६०००
२		वडा समिति	४३०००००	८५७०००००		९०००००००
३		विषयगत शाखा	५८२७०००००	२९३४९८०००		८७६१९८०००

चालु खर्चमा नगरपालिकाका कर्मचारीको तलव भत्ता प्रशासनिक खर्च साथै शिक्षा स्वास्थ्य कृषि र पशु सेवाका कर्मचारीहरु समेतको समावेश गरिएको छ।

अनुसूची-२

आ.व. २०७९/०८० को आयव्यय प्रक्षेपण

शिर्षक	रकम
आय	
आन्तरिक आय	१३६८०००००
गत वर्षको मौजदात	६७६७०२२६
वित्तिय समानिकरण	१३७९०००००
संघीय राजश्व वाँडफाँड	१३०२७१०००
सर्शत अनुदान	३७३३०००००
सामाजिक सुरक्षा	२५०००००००
विशेषा अनुदान	१५००००००
संघीय समपुरक अनुदान	१०००००००
सडक वोर्ड नेपाल	४५०००००
खेदकुद पूर्वाधार	८०००००
प्रदेश सरकार वित्तिय समानिकरण	७५४३०००
प्रदेश सरकार सर्शत अनुदान	१३००००००
प्रदेश सरकार विषेश अनुदान	७००००००
प्रदेश सरकार समपुरक अनुदान	१९९९८०००
प्रदेश सरकार राजश्व वाँडफाँड	१९४४१७७४
मालपोतर जिष्ट्रेशन शुल्क वाँडफाँड	२५०००००००
जम्मा आय	१२१८२२४०००
व्यय तर्फ	

शिर्षक	रकम
चालु खर्च	१५५९२६०००
शिक्षा	१८३९९०००
स्वास्थ्य	२५००००००
कृर्षि विकास	९३९२०००
पशु विकास	१५४८४०००
महिला वालवालिका, अपाङ्ग तथा जेष्ठ नागरिक	४००००००
भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासी	५००००००
विपद् व्यवस्थापन कोष	५००००००
महिला संग उपप्रमुख कार्यक्रम	२५०००००
मेला, महोत्सवर दिवस	२००००००
फोहरमैला व्यवस्थापन कोष	५००००००
मर्मत संभार कोष	४००००००
कार्यालय फर्निरचर	३००००००
मेसिनरी औजार	२००००००
मुर्गिया हाटवजार, शान्तिटोल हाटवजार	१२५०००
राजश्व सुधार कार्यक्रम	१००००००
न पा तथा वडामा एसी जडान	१००००००
नगरस्तरीय सरसफाई कार्यक्रम	५०००००
सहकारी	१००००००
सवारी साधान मोटरसाईकल खरिद	१५०००००
सुचना प्रविधि	३६०००००

शिर्षक	रकम
न्यायीक समिति	१५०००००
रोजगार तर्फ	५०००००
घर नक्सा शाखा	११०००००
पंजिकरण	१००००००
सूचना संचार	२००००००
स्थानीय विकास कोष	१००००००
समपुरक	३५००००००
बोलवम मन्दिर	१३००००००
तराई मधेश सम्वृद्धि कार्यक्रम	१५०००००
उज्यालो शहर	३००००००
सडक वोर्ड नेपाल	१५०००००
प्रशासनीक भवन	९००००००
EIA/ IEE	१५०००००
LGMIS	२००००००
दायित्व सर्ने योजना	४५००००००
नगरस्तरीय योजना	४३६०००००
UNDP सहकार्य	७००००००
सर्शत अनुदान	२७४०००००
सामाजिक सुरक्षा	२५०००००००
विशेषा अनुदान	१५००००००
संघीय समपुरक अनुदान	१०००००००

शिर्षक	रकम
पर्यटन पूर्वाधार कार्यक्रम (बोलबम)	३९००००००
सडक वोर्ड नेपाल	४५०००००
खेदकुद पूर्वाधार	८०००००
प्रदेश सरकार सर्शत अनुदान	१३००००००
प्रदेश सरकार विषेश अनुदान	७००००००
प्रदेश सरकार समपुरक अनुदान	१९९९८०००
आधारभूत अस्पताल निर्माण	६०००००००
वडास्तरीय योजनाहरु	
वडा नं. १	११९६४१२६
वडा नं. २	७१०४१२१
वडा नं. ३	७०६३७०१
वडा नं. ४	९२९९२९७
वडा नं. ५	९६६५९४३
वडा नं. ६	९६२७८६१
वडा नं. ७	५५६६८५५
वडा नं. ८	६०८९९९८
वडा नं. ९	६७४२५५८
वडा नं. १०	९०५४५७१
वडा नं. ११	७८२०९६९
कुल जम्मा व्यय	१२१८२२४०००

अनुसूची-२ (क)
क्षेत्रगत व्यय अनुमान
आ.व. : २०७९/०८०

शीर्षक	आ.व. २०७७/७८ को यथार्थ	आ.व. २०७८/७९ को संशोधित अनुमान	आ.व. २०७९/८० को अनुमान
आय	९४,१६,३४,४२५.६४	९९,५४,६६,०४४	८६,१४,२४,०००
राजस्व	२४,६५,०४,६५४.६४	४४,५७,६८,३४१	३८,३६,८३,०००
आन्तरिक श्रोत	८,९१,०१,७०५.४२	२७,६३,८७,५६७	२०,८९,७०,२२६
१११३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर	३६,४२,११३	३५,००,०००	३५,००,०००
११३१४ भुमिकर/मालपोत	५५,१५,२६७.७४	५२,००,०००	५२,००,०००
११३२१ घरवहाल कर	३६,१२,७९३.३२	३२,००,०००	३५,००,०००
११३२२ वहाल विटौरी कर	२७,९६,१४५.८७	६५,९४,४३२	५९,००,०००
११४५१ सवारी साधन कर (साना सवारी)	३,५००	३,२५,०००	६,००,०००
११४५२ पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	७९,०६,०८८.४३	८५,००,०००	४७,००,०००
११४७९ अन्य मनोरञ्जन कर		२,५०,०००	२,००,०००
११६११ व्यवसायले भुक्तानी गर्ने		६०,००,०००	०
११६९१ अन्य कर	४,४६,९३५	४,००,००,०००	५०,००,०००
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	३६,५२,०२२	३२,५०,०००	०
१४२२५ यातायात क्षेत्रको आम्दानी		०	४५,००,०००
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क		०	२,००,००,०००
१४२४२ नक्सापास दस्तुर	७०,९९,४९३.६२	१,००,००,०००	१,००,००,०००
१४२४३ सिफारिश दस्तुर	३,२९,६३,२५०.२२	१,१०,००,०००	२,००,००,०००
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	४,९७,२१०	४,५०,०००	६,५०,०००
१४२४५ नाता प्रमाणित दस्तुर	६२,८९०	२,००,०००	१,००,०००
१४२४९ अन्य दस्तुर	३९,४१,११५.४४	४,५०,०००	४,५०,०००
१४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत	३१,५८,४९५.५०	१०,००,०००	५,००,०००
१४६११ व्यवसाय कर	६५,१९,४७४	०	६५,००,०००
३२१२१ नगद		१५,०४,६८,१३५	०

शीर्षक	आ.व. २०७७/७८ को यथार्थ	आ.व. २०७८/७९ को संशोधित अनुमान	आ.व. २०७९/८० को अनुमान
३२१२२ बैंक मौज्दात	३,८४३	०	६,७६,७०,२२६
राजस्व बाँडफाँडबाट प्राप्त रकम	१५,७४,०२,९४९.२२	१६,९३,८०,७७४	१७,४७,१२,७७४
११३१५ घरजग्गा रजिष्टेशन दस्तुर	३,९३,३४,४३७	४,२४,००,०००	२,५०,००,०००
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	१०,४४,७३,६८८.७५	५,३७,६९,५००	१३,०२,७१,०००
११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क		५,३७,६९,५००	०
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	१,३५,९४,८२३.४७	१,९४,४१,७७४	१,९४,४१,७७४
अन्य आय	७२,८१,०६८.२८	२,६०,००,०००	५,००,००,०००
१४५२९ अन्य राजस्व	७२,८१,०६८.२८	२,६०,००,०००	५,००,००,०००
अन्तर सरकारी वित्तीय हस्तान्तरण	६६,५८,४४,९५०	५४,९६,९७,७०३	४७,७७,४१,०००
संघीय सरकार	५९,२१,७६,९५०	५०,१०,०५,७०३	४३,७२,००,०००
१३३११ समानिकरण अनुदान	१२,०१,००,०००	१२,९९,००,०००	१३,७९,००,०००
१३३१२ शसर्त अनुदान चालु	४१,४५,९४,५५०	२४,५६,९०,२८०	२३,०५,००,०००
१३३१३ शसर्त अनुदान पुँजीगत		५,८९,७८,०००	४,३८,००,०००
१३३१४ विषेश अनुदान चालु	३,००,००,०००	०	१,५०,००,०००
१३३१५ विषेश अनुदान पुँजीगत		२,७०,००,०००	०
१३३१७ समपुरक अनुदान पुँजीगत		२,४२,००,०००	१,००,००,०००
१३३१८ अन्य अनुदान चालु	२,७४,८२,४००	१,५२,३७,४२३	०
प्रदेश सरकार	७,३६,६८,०००	४,८६,९२,०००	४,०५,४१,०००
१३३११ समानिकरण अनुदान	५८,१८,०००	६१,४८,०००	७५,४३,०००
१३३१२ शसर्त अनुदान चालु	१,७८,५०,०००	५,४४,०००	२०,००,०००
१३३१३ शसर्त अनुदान पुँजीगत		१,१०,००,०००	१,१०,००,०००
१३३१४ विषेश अनुदान चालु	३,००,००,०००	१,१०,००,०००	०
१३३१६ समपुरक अनुदान चालु	२,००,००,०००		
१३३१७ समपुरक अनुदान पुँजीगत		२,००,००,०००	१,९९,९८,०००
बैदेशिक			
जनसहभागिता			

अनुसूची-३

क्षेत्रगत आय व्यय अनुमान

आ.व. : २०७९/०८०

शीर्षक	आ.व. २०७७/७८ को यथार्थ	आ.व. २०७८/७९ को संशोधित अनुमान	आ.व. २०७९/८० को अनुमान
आय	९१,२३,४५,७६१.६४	८४,४९,९७,९०९	७९,३७,५३,७७४
राजस्व	२४,६५,००,८११.६४	२९,५३,००,२०६	३१,६०,१२,७७४
आन्तरिक श्रोत	८,९०,९७,८६२.४२	१२,५९,१९,४३२	१४,१३,००,०००
१११३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर	३६,४२,११३	३५,००,०००	३५,००,०००
११३१४ भुमिकर/मालपोत	५५,१५,२६७.७४	५२,००,०००	५२,००,०००
११३२१ घरवहाल कर	३६,१२,७९३.३२	३२,००,०००	३५,००,०००
११३२२ वहाल विटौरी कर	२७,९६,१४५.८७	६५,९४,४३२	५९,००,०००
११४५१ सवारी साधन कर (साना सवारी)	३,५००	३,२५,०००	६,००,०००
११४५२ पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	७९,०६,०८८.४३	८५,००,०००	४७,००,०००
११४७९ अन्य मनोरञ्जन कर		२,५०,०००	२,००,०००
११६११ व्यवसायले भुक्तानी गर्ने		६०,००,०००	०
११६९१ अन्य कर	४,४६,९३५	४,००,००,०००	५०,००,०००
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	३६,५२,०२२	३२,५०,०००	०
१४२२५ यातायात क्षेत्रको आम्दानी		०	४५,००,०००
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क		०	२,००,००,०००
१४२४२ नक्सापास दस्तुर	७०,९९,४९३.६२	१,००,००,०००	१,००,००,०००
१४२४३ सिफारिश दस्तुर	३,२९,६३,२५०.२२	१,१०,००,०००	२,००,००,०००
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	४,९७,२१०	४,५०,०००	६,५०,०००
१४२४५ नाता प्रमाणित दस्तुर	६२,८९०	२,००,०००	१,००,०००
१४२४९ अन्य दस्तुर	३९,४१,११५.४४	४,५०,०००	४,५०,०००
१४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत	३१,५८,४९५.५०	१०,००,०००	५,००,०००
१४६११ व्यवसाय कर	६५,१९,४७४	०	६५,००,०००
राजस्व बाँडफाँडबाट प्राप्त रकम	१५,७४,०२,९४९.२२	१६,९३,८०,७७४	१७,४७,१२,७७४

शीर्षक	आ.व. २०७७/७८ को यथार्थ	आ.व. २०७८/७९ को संशोधित अनुमान	आ.व. २०७९/८० को अनुमान
११३१५ घरजग्गा रजिष्टेशन दस्तुर	३,९३,३४,४३७	४,२४,००,०००	२,५०,००,०००
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	१०,४४,७३,६८८.७५	५,३७,६९,५००	१३,०२,७१,०००
११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क		५,३७,६९,५००	०
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	१,३५,९४,८२३.४७	१,९४,४१,७७४	१,९४,४१,७७४
अन्य आय	७२,८१,०६८.२८	२,६०,००,०००	५,००,००,०००
१४५२९ अन्य राजस्व	७२,८१,०६८.२८	२,६०,००,०००	५,००,००,०००
अन्तर सरकारी वित्तीय हस्तान्तरण	६६,५८,४४,९५०	५४,९६,९७,७०३	४७,७७,४१,०००
संघीय सरकार	५९,२१,७६,९५०	५०,१०,०५,७०३	४३,७२,००,०००
१३३११ समानिकरण अनुदान	१२,०१,००,०००	१२,९९,००,०००	१३,७९,००,०००
१३३१२ शसर्त अनुदान चालु	४१,४५,९४,५५०	२४,५६,९०,२८०	२३,०५,००,०००
१३३१३ शसर्त अनुदान पुँजीगत		५,८९,७८,०००	४,३८,००,०००
१३३१४ विषेश अनुदान चालु	३,००,००,०००	०	१,५०,००,०००
१३३१५ विषेश अनुदान पुँजीगत		२,७०,००,०००	०
१३३१७ समपुरक अनुदान पुँजीगत		२,४२,००,०००	१,००,००,०००
१३३१८ अन्य अनुदान चालु	२,७४,८२,४००	१,५२,३७,४२३	०
प्रदेश सरकार	७,३६,६८,०००	४,८६,९२,०००	४,०५,४१,०००
१३३११ समानिकरण अनुदान	५८,१८,०००	६१,४८,०००	७५,४३,०००
१३३१२ शसर्त अनुदान चालु	१,७८,५०,०००	५,४४,०००	२०,००,०००
१३३१३ शसर्त अनुदान पुँजीगत		१,१०,००,०००	१,१०,००,०००
१३३१४ विषेश अनुदान चालु	३,००,००,०००	१,१०,००,०००	०
१३३१६ समपुरक अनुदान चालु	२,००,००,०००		
१३३१७ समपुरक अनुदान पुँजीगत		२,००,००,०००	१,९९,९८,०००
बैदेशिक			
जनसहभागिता			
वित्तीय व्यवस्था (प्राप्ति)			

शीर्षक	आ.व. २०७७/७८ को यथार्थ	आ.व. २०७८/७९ को संशोधित अनुमान	आ.व. २०७९/८० को अनुमान
व्यय	७१,००,४१,३६७.८९	९९,५४,६६,०४४	८६,१४,२४,०००
चालु	३६,१८,०६,८३४.८९	४९,८४,६९,१५३	४८,८३,८४,८२६.२४
२११११ पारिश्रमिक कर्मचारी	१६,९२,७४,१४६.४५	२०,१२,७२,२००	२०,८५,८०,०००
२११२१ पोशाक	८,४०,०००	१०,३०,०००	४९,३८,०००
२११२२ खाद्यान्न	०	०	१६,००,०००
२११२३ औषधीउपचार खर्च	१,८४,२००	१,००,०००	१,००,०००
२११३१ स्थानीय भत्ता	०	०	२८,०००
२११३२ महंगी भत्ता	१७,८८,०००	१५,५०,०००	१८,००,०००
२११३३ फिल्ड भत्ता	१,२०,०००	२,८०,०००	२,६१,०००
२११३४ कर्मचारीको बैठक भत्ता	१२,९९,९००	१५,००,०००	१९,००,०००
२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार	४७,४९,६१५	७५,००,०००	९३,५०,०००
२११३९ अन्य भत्ता	४,७९,८००	१,००,०००	५,८०,०००
२११४१ पदाधिकारी बैठक भत्ता	३२,३४,७००	५५,००,०००	५५,००,०००
२११४२ पदाधिकारीअन्य सुबिधा	८,५३,६६८	१,४४,१६,०००	१,४४,१६,०००
२१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च	०	४२,००,०००	४८,५०,०००
२१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	०	३,००,०००	०
२१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च	०	३,००,०००	३,००,०००
२१२१४ कर्मचारी कल्याण कोष	५,००,०००	०	५,००,०००
२१२१९ अन्य सामाजिक सुरक्षा खर्च	०	२,००,०००	१,००,०००
२१२२३ पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च	१८,०२०	२,५०,०००	५,००,०००
२२१११ पानी तथा बिजुली	१०,९०,८४९	१७,००,०००	२१,८६,०००
२२११२ संचार महसुल	१३,८१,७७८	१५,०८,०००	१८,०७,०००
२२२११ इन्धन (पदाधिकारी)	१४,८५,८४०	१५,००,०००	२०,००,०००
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	१५,४६,३८३	२६,५०,४२०	३०,००,०००
२२२१३ सवारी साधन मर्मत खर्च	१५,३९,८५१	२०,००,०००	२५,००,०००

शीर्षक	आ.व. २०७७/७८ को यथार्थ	आ.व. २०७८/७९ को संशोधित अनुमान	आ.व. २०७९/८० को अनुमान
२२२१४ बिमा तथा नवीकरण खर्च	२,९०,४३०	५,००,०००	७,४०,०००
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	८,४१,४३१	११,४१,२००	१३,००,०००
२२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	४७,५००	१,००,०००	४,५०,०००
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	८०,८२,४८७	९१,६३,०८४	७४,००,०००
२२३१३ पुस्तक तथा सामग्री खर्च	२०,५००	२,००,०००	८३,५७,१२१
२२३१४ इन्धन - अन्य प्रयोजन	१८,९७५	२,००,०००	७,५०,०००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	५१,४६,२७०	८४,४०,०००	९२,००,०००
२२३१९ अन्य कार्यालय संचालन खर्च	३५,१०,६००	८,००,०००	२३,५६,०००
२२४११ सेवा र परामर्श खर्च	५३,७८,७६१	१,५५,४९,५५८	५७,६५,०००
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	९,९४,१५७	१५,००,०००	४२,००,०००
२२४१३ करार सेवा शुल्क	१,०९,१३,७६०	१,८०,००,०००	१,८०,००,०००
२२४१४ सरसफाईसेवा शुल्क	४०,००,०००	५१,००,०००	१,००,०००
२२४१९ अन्य सेवा शुल्क	०	२,००,०००	१,००,०००
२२५११ कर्मचारी तालिम खर्च	७८,५५०	१३,००,०००	१४,२७,०००
२२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	०	०	२५,१०,०००
२२५२१ उत्पादन सामग्री / सेवा खर्च	१३,८५,०००	०	२,००,०००
२२५२२ कार्यक्रम खर्च	१०,४१,९१,९४५.४४	१५,६७,५९,५११	७,२३,५४,५७९
२२५२९ विविध कार्यक्रम खर्च	१,९६,३१०	३,००,०००	१,०१,८९,०००
२२६११ अनुगमन, मूल्यांकन खर्च	५,१६,४५६	१७,०३,०००	१८,५०,०००
२२६१२ भ्रमण खर्च	१२,८५,८१७	२६,०६,०००	२८,५०,०००
२२६१९ अन्य भ्रमण खर्च	०	१,००,०००	१,००,०००
२२७११ विविध खर्च	३९,०२,१७४	४५,८४,०००	१,३६,६६,०००.२४
२२७२१ सभा सञ्चालन खर्च	१२,००,०००	२०,००,०००	१८,००,०००
२५३११ शैक्षिक संस्थाहरूलाई सहायता	०	०	३,२९,६४,०००
२५३१२ स्वास्थ संस्थाहरूलाई सहायता	०	०	१९,७४,१२६

शीर्षक	आ.व. २०७७/७८ को यथार्थ	आ.व. २०७८/७९ को संशोधित अनुमान	आ.व. २०७९/८० को अनुमान
२५३१५ अन्य सस्था सहायता	०	५,००,०००	०
२६३३२ सशर्त अनुदान (चालु)	०	०	४,३६,०००
२६४११ सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान	०	०	२३,६०,०००
२७१११ सामाजिक सुरक्षा	०	०	१,००,०००
२७२११ छात्रवृत्ति	०	०	२१,८५,०००
२७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च	१,६५,००,०००	१,१८,९०,०००	५०,००,०००
२७२१३ औषधीखरिद खर्च	७,५१,६३६	२३,१४,०००	३८,५०,०००
२७२१९ अन्य सामाजिक सहायता	९,२१,०००	२५,००,०००	२७,००,०००
२८१४१ जग्गाको भाडा	४,२०,०००	२,४२,०००	६,००,०००
२८१४२ घरभाडा	६,११,०००	१३,००,०००	८,७५,०००
२८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा	१५,३२५	१०,२०,१८०	४,००,०००
२८१४९ अन्य भाडा	०	०	१७,००,०००
२८२११ राजस्व फिर्ता	०	५,००,०००	५,००,०००
२८२१९ अन्य फिर्ता	२,००,०००	१,००,०००	१,००,०००
२८९११ भैपरी आउने चालु खर्च	०	०	१,८०,०००
पूंजीगत	३४,८२,३४,५३३	४९,६९,९६,८९१	३७,३०,३९,१७३.७६
३१११११ आवासीय भवन निर्माण/खरिद	०	०	१,१५,००,०००
३१११२ गैर आवासीय भवन निर्माण/खरिद	०	२,४२,००,०००	७५,००,०००
३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च	०	०	८,००,०००
३११२१ सवारी साधन	०	०	२६,००,०००
३११२२ मेशिनरी तथा औजार	३१,४६,५४१	२,०६,७०,०००	१,९६,८६,०००
३११२३ फर्निचर तथा फिक्चर्स	५६,०९,५१५	५७,००,०००	४८,००,०००
३११३१ पशुधन तथा बागवानी विकास खर्च	१२,६२,६८१	०	२७,००,०००
३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	०	१६,४९,९९९	२०,००,०००

शीर्षक	आ.व. २०७७/७८ को यथार्थ	आ.व. २०७८/७९ को संशोधित अनुमान	आ.व. २०७९/८० को अनुमान
३११३५ पूँजीगत परामर्श खर्च	०	०	१५,००,०००
३११५१ सडक तथा पूल निर्माण	१०,६५,२१,८५६	११,१२,७२,१२८	९,९५,८१,६५७
३११५३ विद्युत संरचना निर्माण	२०,०९,५१७	१७,६७,८४१	७६,५०,०००
३११५४ तटबन्ध तथा बाँधनिर्माण	२,४४,६४,२०५	२५,००,०००	६,००,०००
३११५५ सिंचाई संरचना निर्माण	३८,९७,२८८	६०,५०,००१	९,५०,०००
३११५६ खानेपानी संरचना निर्माण	७,५०,०००	२,००,०००	४५,५०,०००
३११५७ वन तथा वातावरण संरक्षण	१,००,६८,६६२	३,००,०००	३९,१२,०००
३११५८ सरसफाई संरचना निर्माण	५८,२९,८६६	१,३५,५३,२५०	२,८७,००,०००
३११५९ अन्य सार्वजनिक निर्माण	१७,७२,६४,५४२	३०,३३,३३,६७२	१७,३५,०९,५१६.७६
३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च	०	८,००,०००	५,००,०००
३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण	०	१०,००,०००	०
३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श	७४,०९,८६०	४०,००,०००	०
वित्तीय	०	०	०
३२१५९ अन्य संस्थामा शेयर लगानी बिक्री	०	०	०
बजेट बचत (+)/न्यून	२०,२३,०४,३९३.७५	(१५,०४,६८,१३५)	(६,७६,७०,२२६)
गत वर्षको नगद मौज्दात	३,८४३	१५,०४,६८,१३५	६,७६,७०,२२६

क्षेत्रगत व्यय अनुमान

आ.व. : २०७९/०८०

सि. नं.	संकेत	शीर्षक	विनियोजन	स्रोत		
				आन्तरिक श्रोत	अन्तर सरकारी वित्तीय हस्तान्तरण	
					नेपाल सरकार	प्रदेश सरकार
१	२	आर्थिक विकास	५,०१,२५,०००	३,१३,००,०००	१,६८,२५,०००	२०,००,०००
१	२०१	कृषि	२,०८,७५,०००	९४,००,०००	९४,७५,०००	२०,००,०००
२	२०२	उद्योग	३९,५०,०००	०	३९,५०,०००	०
३	२०३	पर्यटन	३७,००,०००	२९,००,०००	८,००,०००	०
४	२०४	सहकारी	८,००,०००	८,००,०००	०	०
५	२०५	वित्तीय क्षेत्र	५,००,०००	५,००,०००	०	०
६	२०६	जलश्रोत तथा सिंचाई	२६,५०,०००	१५,००,०००	११,५०,०००	०
७	२०७	बन	११,००,०००	८,००,०००	३,००,०००	०
८	२०८	पशुपन्छी विकास	१,६१,५०,०००	१,५२,००,०००	९,५०,०००	०
९	२०९	भूमि व्यवस्था	२,००,०००	०	२,००,०००	०
१०	२११	आपूर्ति	२,००,०००	२,००,०००	०	०
२	७	सामाजिक विकास	२९,०४,७५,५६५	५,२०,६९,८७३	२२,८४,०६,६९२	९९,९९,०००
१	७०२	सामाजिक सुरक्षा तथा संरक्षण	११,५०,०००	११,५०,०००	०	०
२	७०३	युवा तथा खेलकुद	२,६६,९२,८७३	१,२१,८३,८७३	४५,१०,०००	९९,९९,०००
३	७०४	खानेपानी तथा सरसफाई	१,३२,६०,०००	५५,००,०००	७७,६०,०००	०
४	७०५	भाषा तथा संस्कृति	२५,५०,०००	२०,००,०००	५,५०,०००	०
५	७०६	शिक्षा	२१,४२,३८,१२१	१,५६,८४,०००	१९,८५,५४,१२१	०
६	७०७	स्वास्थ्य	२,१४,४७,०००	८६,५२,०००	१,२७,९५,०००	०
७	७०८	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	१,०९,८७,५७१	६७,५०,०००	४२,३७,५७१	०
८	७११	जनसंख्या तथा बसाईसराई	१,५०,०००	१,५०,०००	०	०

सि. नं.	संकेत	शीर्षक	विनियोजन	स्रोत		
				आन्तरिक श्रोत	अन्तर सरकारी वित्तीय हस्तान्तरण	
					नेपाल सरकार	प्रदेश सरकार
३	३	पूर्वाधार विकास	२९,०१,७२,३००.७६	९,८८,०८,११८.७६	१६,२८,२२,१८२	२,८५,४२,०००
१	३०१	यातयात पूर्वाधार	१६,११,७०,१७१	५,८८,५५,९८९	७,५५,७२,१८२	२,६७,४२,०००
२	३०२	भवन, आवास तथा सहरी विकास	८,१७,५२,१२९.७६	३,४९,५२,१२९.७६	४,५०,००,०००	१८,००,०००
३	३०३	उर्जा	८४,००,०००	०	८४,००,०००	०
४	३०५	विज्ञान तथा प्रबिधि	१०,००,०००	१०,००,०००	०	०
५	३०६	पुननिर्माण	१५,००,०००	१०,००,०००	५,००,०००	०
६	३०७	सम्पदा पूर्वाधार	३,६३,५०,०००	३०,००,०००	३,३३,५०,०००	०
४	४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२,७०,०७,००८	१,३३,९२,००८	१,३६,१५,०००	०
१	४०३	प्रशासकीय सुशासन	१,१५,४२,००८	६३,९२,००८	५१,५०,०००	०
२	४०४	वित्तीय सुशासन	१०,००,०००	१०,००,०००	०	०
३	४०५	कानुन तथा न्याय	१०,००,०००	१०,००,०००	०	०
४	४०९	श्रम तथा रोजगारी	४७,००,०००	०	४७,००,०००	०
५	४१३	अनुगमन तथा मूल्यांकन	६५,०००	०	६५,०००	०
६	४१७	विपद व्यवस्थापन	५०,००,०००	५०,००,०००	०	०
५	१	कार्यालय सञ्चालन तथा प्रशासनिक	२०,३६,४४,१२६.२४	१८,८१,१३,०००.२४	१,५५,३१,१२६	०
१	१०१	कार्यालय सञ्चालन तथा प्रशासनिक	२०,३६,४४,१२६.२४	१८,८१,१३,०००.२४	१,५५,३१,१२६	०
कुल जम्मा			८६,१४,२४,०००	३८,३६,८३,०००	४३,७२,००,०००	४,०५,४१,०००

अनुसूची-४

कार्यक्रम/परियोजना अनुसार बजेट बिनियोजन

आ.व. : २०७९/८० माथिल्लो बजेट उपशीर्षक : सैनामैना नगर कार्यपालिका

सि. नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन
					जम्मा
८०५४८४०५१०१ सैनामैना नगरपालिका					
१	पारिश्रमिक कर्मचारी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११११	आन्तरिक श्रोत - नगद	२,१२,५०,०००
२	पारिश्रमिक कर्मचारी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२,१२,५०,०००
३	कर्मचारी पोशाक खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११२१	आन्तरिक श्रोत - नगद	१०,००,०००
४	कर्मचारी महंगी भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३२	आन्तरिक श्रोत - नगद	९,००,०००
५	कर्मचारी महंगी भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	९,००,०००
६	कर्मचारी बैठक भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३४	आन्तरिक श्रोत - नगद	७,००,०००
७	कर्मचारी बैठक भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	८,००,०००
८	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३५	आन्तरिक श्रोत - नगद	७५,००,०००
९	अन्य भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३९	आन्तरिक श्रोत - नगद	४,००,०००
१०	पदाधिकारी बैठक भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४१	आन्तरिक श्रोत - नगद	५५,००,०००
११	पदाधिकारी सुबिधा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४२	आन्तरिक श्रोत - नगद	१,४४,१६,०००
१२	कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१२११	आन्तरिक श्रोत - नगद	४८,५०,०००
१३	कर्मचारी बीमा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१२१३	आन्तरिक श्रोत - नगद	३,००,०००
१४	कर्मचारी कल्याण कोष	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१२१४	आन्तरिक श्रोत - नगद	५,००,०००
१५	अन्य सामाजिक सुरक्षा खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१२१९	आन्तरिक श्रोत - नगद	१,००,०००

सि. नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन
					जम्मा
१६	पदाधिकारी यात्रा बीमा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१२२३	आन्तरिक श्रोत - नगद	५,००,०००
१७	पानी तथा बिजुली	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२१११	आन्तरिक श्रोत - नगद	९,००,०००
१८	पानी तथा बिजुली	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२१११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	९,००,०००
१९	मुर्गिया हाटवजार र शान्तीटोल हाटवजारमा विद्युत पानी जडान	कृषि	२२१११	नेपाल सरकार - नगद अनुदान	१,२५,०००
२०	संचार महसुल तथा इन्टरनेट सेवा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२११२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	९,००,०००
२१	संचार महसुल तथा इन्टरनेट सेवा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२११२	आन्तरिक श्रोत - नगद	९,००,०००
२२	इन्धन पदाधिकारी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२११	आन्तरिक श्रोत - नगद	१०,००,०००
२३	इन्धन पदाधिकारी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१०,००,०००
२४	इन्धन (कार्यालय प्रयोजन)	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१२	आन्तरिक श्रोत - नगद	१५,००,०००
२५	इन्धन (कार्यालय प्रयोजन)	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१५,००,०००
२६	सवारी साधन मर्मत खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१३	आन्तरिक श्रोत - नगद	१२,५०,०००
२७	सवारी साधन मर्मत खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१२,५०,०००
२८	बिमा तथा नवीकरण खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१४	आन्तरिक श्रोत - नगद	६,००,०००
२९	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२२१	आन्तरिक श्रोत - नगद	४,००,०००
३०	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२२१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४,००,०००
३१	महिलाद्धारा उत्पादित बेसारको यान्त्रिकरण मूल्य श्रृखला विकास तथा बजारिकरण	कृषि	२२२२१	आन्तरिक श्रोत - नगद	४,००,०००

सि. नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन
					जम्मा
३२	अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२९१	आन्तरिक श्रोत - नगद	१,००,०००
३३	न.पा. तथा वडा कार्यालयमा मसलन्द तथा कार्यालय सामाग्री	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३११	आन्तरिक श्रोत - नगद	३५,००,०००
३४	न.पा. तथा वडा कार्यालयमा मसलन्द तथा कार्यालय सामाग्री	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	३५,००,०००
३५	पुस्तक तथा सामग्री खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१३	आन्तरिक श्रोत - नगद	२,००,०००
३६	इन्धन - अन्य प्रयोजन	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१४	आन्तरिक श्रोत - नगद	२,००,०००
३७	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	आन्तरिक श्रोत - नगद	१२,५०,०००
३८	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१२,५०,०००
३९	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च न.पा.कार्यालय	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	३०,००,०००
४०	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च न.पा.कार्यालय	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	आन्तरिक श्रोत - नगद	३०,००,०००
४१	सूचना प्रकाशन तथा प्रसारण स्थानीय रेडियो टेलिभिजन कार्यक्रम	प्रशासकीय सुशासन	२२३१५	आन्तरिक श्रोत - नगद	४,५०,०००
४२	अन्य कार्यालय संचालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१९	आन्तरिक श्रोत - नगद	१,००,०००
४३	सेवा र परामर्श खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२०,००,०००
४४	सेवा र परामर्श खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४११	आन्तरिक श्रोत - नगद	२०,००,०००
४५	EBPS इलोक्ट्रोनिक अनलाईन प्रणाली	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	५,००,०००
४६	E-payment and Service in Palm	प्रशासकीय सुशासन	२२४१२	आन्तरिक श्रोत - नगद	१०,००,०००
४७	Free Wifi zone in Every Ward office	प्रशासकीय सुशासन	२२४१२	आन्तरिक श्रोत - नगद	१,००,०००
